पूर्ण पाठ

यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि

र यसको ऐच्छिक आलेख

इन्सेक
insec

1977-2007
apt
association pour la prévention de la torture
association for the prevention of torture
asociación para la prevención de la tortura

प्रकाशन मितिः २०६३ चैत ९ गते

संख्याः १ हजारप्रति

प्रकाशकः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकारः इन्सेकमा सुरक्षित

मुद्रणः इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन ४७७१४४८

विषयसूची

१. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि/१

२. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धिको ऐच्छिक आलेख/१९

इन्सेक अध्यक्षको मन्तव्य

मानवअधिकार प्रत्याभूत गर्ने प्रभावकारी संयन्त्रहरु समग्र मानवअधिकार आन्दोलनका लागि विश्वस्तरमा कोशेढुंगा सावित भएका छन्। विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरुद्वारा मानवअधिकारको सुनिश्चितता गरिएको छ। तर, व्यवहारमा जघन्य उल्लंघन कायम छ। पीडकहरुलाई उन्मुक्ति दिने र पीडितहरुको अधिकार रक्षाका लागि अग्रसर नहुने प्रवृत्ति कायम रहँदासम्म न दण्डहीनताको कुसंस्कृति अन्त्य हुन सक्छ न त आम जनताका आधारभूत अधिकारहरुको रक्षा नै।

हाम्रो देशमा खासगरी ०४६ पश्चात् मानवअधिकारको सुनिश्चितताका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धता र पहलकदमी बढ्यो। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरु नेपालमा पनि लागू गराउने प्राथमिक कार्यका रूपमा त्यस्ता मापदण्डहरु स्वीकार गरिएको हो। हालसम्म नेपाल संयुक्त राष्ट्रसंघका २० वटा मानवअधिकार सन्धिहरुको पक्षराष्ट्र बनिसकेको छ। जसबाट राज्यमाथि तिनको कार्यान्वयन गर्नुपर्ने दायित्व सृजना भएको छ।

राज्यको दायित्व पूरा गर्न कार्यान्वयनका संयन्त्र एवम् राज्यका व्यवहारहरुलाई उत्तिकै महत्वपूर्ण हिस्साको रूपमा लिनु जरुरी हुन्छ। मानवअधिकार हनन रोकथाम गर्ने हरसम्भव उपायहरु अवलम्बन गर्न सकिएमा मात्र नागरिकका अधिकारहरु सुनिश्चित हुन सक्दछन्।

यस्तो सुनिश्चिताका लागि यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डहरुको रोकथाम र अन्त्य अत्यावश्यक हुन्छ। यसका लागि हाम्रा सामू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरु उपलब्ध छन्। खासगरी यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८४, जसलाई नेपालले १९९१ मा अनुमोदन गरिसकेको छ, र वर्तमान अन्तरिम संविधान २०६३ लाई उदाहरणका रूपमा लिन सकिन्छ। यस्ता संयन्त्रहरुको प्रभावकारिता बढाउन नेपालको सकारात्मक अग्रसरता आवश्यक छ।

अन्तरिम संविधान २०६३ मा यातनाविरुद्धको हक सुनिश्चित गरी अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने कार्यलाई निषेध गरिएको छ। यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिइने व्यवस्था पनि संविधानमा गरिएको छ। यो संवैधानिक व्यवस्था लोकतान्त्रिक नेपालमा यातनाविरुद्ध प्रभावकारी हुने आशा गर्न सकिन्छ।

संवैधानिक प्रत्याभूतिका अतिरिक्त, राज्यको सकारात्मक अग्रसरता संयुक्त राष्ट्रसंघीय मानवअधिकार प्रणालीमा संलग्नताका आधारमा पनि आँकलन गर्न सकिन्छ। यातनाजस्तो

मानवअधिकारको चरम उल्लंघन रोकथामका लागि जुन २००६ देखि लागू भएको यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख-२००२ एक महत्वपूर्ण औजारका रूपमा देखिएको छ। अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा यातना रोकथाम संयन्त्रहरुको स्थापना एवम् तिनको प्रभावकारिता सुनिश्चित गर्ने ऐच्छिक आलेखको अनुमोदनबाट मानवअधिकारप्रतिको प्रतिबद्धताले मूर्त रुप लिन सहयोग पुग्नेछ। साथै, योजनाबद्ध र व्यापकरूपमा कायम रहेको यातनाको संस्कृतिविरुद्ध प्रभावकारी कदम चाल्ने ढोका खुल्नेछ।

कानुन कार्यान्वयन गर्नेलगायत्का सरकारी अधिकारीहरु, मानवअधिकार रक्षकहरु, कानुन व्यवसायी, सञ्चारकर्मी एवम् आम नागरिकमाझ यातनासम्बन्धी प्रमुख दुई संयुक्त राष्ट्रसंघीय दस्तावेजहरुको सरल उपलब्धताका लागि यो संग्रह प्रकाशित गरेका छौं। यसबाट यातना, यसविरुद्धका अन्तर्राष्ट्रिय उपचार संयन्त्र र तिनको महत्वबारे अझ बढी स्पष्टता एवम् छलफल हुने अपेक्षा गरेका छौं।

यस संग्रहमा प्रकाशित दुई दस्तावेजहरुमध्ये यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ नेपाल सरकार, परराष्ट्र मन्त्रालयद्वारा प्रकाशित "मानवअधिकार : नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुको संग्रह" बाट साभार गरिएको हो भने उक्त महासन्धिको ऐच्छिक आलेख मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटीएमसीसी) अन्तर्गत यातनाविरुद्धको महासन्धिसम्बन्धी उपसमितिद्वारा गरिएको अनौपचारिक अनुवाद हो। त्यसका लागि परराष्ट्र मन्त्रालय र एचआरटीएमसीसीप्रति धन्यवाद व्यक्त गर्दछु।

यो संग्रह जेनेभास्थित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था यातना रोकथाम संघ (एपीटी) र इन्सेकद्वारा नेपालमा यातनाविरुद्धको अभियान अन्तर्गत सञ्चालित संयुक्त पहलको परिणाम हो। इन्सेकसँग हातेमालो गर्ने क्रममै संग्रहमा प्राक्कथन लेखेकोमा एपीटीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। संग्रहको भाषा सम्पादनका लागि इन्सेक केन्द्रीय कार्यालयका विद्या चापागाईं र प्रकाश ज्ञवाली तथा साजसज्जाका लागि इन्सेकका डेस्कटप अधिकृत गिता माली धन्यवादको पात्र हुनुहुन्छ।

०६३ चैत ९ गते

सुबोधराज प्याकुरेल
अध्यक्ष

प्राक्कथन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सँग सहकार्य गर्न र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकारका लागि बलियो संरक्षण प्रदान गर्नसक्ने दुई आधारभूत मानवअधिकार सन्धिहरूको संग्रह यहाँहरूसमक्ष प्रस्तुत गर्न पाउँदा यातना रोकथाम संघ (एपीटी) हर्षित छ।

एपीटी, यातना रोकथाम रणनीतिहरूको प्रवर्द्धन गर्ने, जेनेभामा अवस्थित एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो। हामी सम्बन्धित सरकारी निकायहरू, राष्ट्रिय मानवअधिकार संयन्त्रहरू र नागरिक समाजका संस्थाहरूसँग मिलेर कार्य गर्दछौं। एपीटीले विगत ३० वर्षदेखि सरकारहरूसँग लबी गर्दै आएको छ र यातना तथा अन्य प्रकारका क्रूर, अमानवीय र अपमानजनक व्यवहार एवम् सजाय रोकथाममा सहयोग पुऱ्याउन कानुनी तथा व्यवहारिक सल्लाह एवम् तालिमहरू प्रदान गर्दै आएको छ।

त्यसकारण, एपीटीको कार्यका लागि सन् १९८४ को यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि एक महत्वपूर्ण आधार हो। यो आधारभूत मानवअधिकार सन्धि नेपाललगायत् १४० भन्दा बढी राष्ट्रहरूले अनुमोदन गरिसकेका छन्। महासन्धिले सबै अवस्थामा यातनाको पूर्ण निषेध गर्दछ र राज्यलाई यातना रोकथामका लागि प्रभावकारी कदम चाल्न बाध्य तुल्याउँछ। अन्य कुरा बाहेक, यसले प्रत्येक राज्यलाई यातनालाई राष्ट्रिय कानुनअन्तर्गत अपराध घोषित गर्न बाध्य बनाउनुका साथै यातना पुष्टि गर्न खोज्ने सबै आवश्यकता, औचित्यता वा माथिल्लो तहको आदेशको प्रतिरक्षालाई बेवास्ता गर्दछ, र यातनाका हरेक आरोपको अनुसन्धान गर्न तथा पीडकहरूलाई न्यायिक कारवाही या सुपुर्दगी गर्न राज्यलाई बाध्य तुल्याउँछ। महासन्धिले कुनै व्यक्तिलाई यातना दिनसक्ने सम्भावना देखिएको हिरासत वा भू-भागमा स्थानान्तरण गर्नबाट राज्यहरूलाई बन्देज लगाउँछ। यसका अतिरिक्त, यातनाको प्रयोगबाट प्राप्त सूचनाहरूलाई प्रमाणका रूपमा प्रयोग गर्न महासन्धिले अनुमति दिएको छैन। महासन्धिले अन्य सबै खाले क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहार तथा सजायलाई समेत निषेध गरेको छ।

अघोषितरूपमा सबै प्रकारका थुनुवा केन्द्रहरूको निरन्तर भ्रमण गर्नसक्ने कार्यादेशसहित स्वतन्त्र अनुगमन संयन्त्रहरूको स्थापना गर्नु यातना तथा अन्य प्रकारका दूर्व्यवहारहरू रोकथाम गर्ने सर्वोत्तम उपायहरूमध्ये एक हो। यसर्थ, राष्ट्रिय र अन्तर्राष्ट्रिय भ्रमणकारी निकायहरूको एकीकृत प्रणालीको व्यवस्था गरेको सन् २००२ को, यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख ("ओपीक्याट" वा "ऐच्छिक आलेख") को विकास, ग्रहण, अनुमोदन र पूर्ण कार्यान्वयनका लागि एपीटीले विश्वव्यापी अभियान अगाडि बढाएको छ।

मुख्य महासन्धिभन्दा यस ऐच्छिक आलेख खासगरी एसिया-प्रशान्त क्षेत्रमा कम जानकारीमा छ। तर पनि, २२ जुन २००६ मा लागू भएदेखि ऐच्छिक आलेखको रोकथाममुखी योजनाले गति

लिएको छ। यस क्रममा, डिसेम्बर २००६ मा ऐच्छिक आलेखअन्तर्गत यातना रोकथामका लागि संयुक्त राष्ट्रसंघीय उपसमितिका १० जना स्वतन्त्र विज्ञहरू निर्वाचित भए भने फेब्रुवरी २००७ मा उपसमितिको पहिलो कार्यसत्र सम्पन्न भयो। ६ मार्च २००७ सम्म ऐच्छिक आलेखका पक्षराष्ट्रहरूको संख्या ३२ पुगेको छ।

निकट भविष्यमा धेरै एसियाली राष्ट्रहरू ओपीक्याटमा संलग्न हुनेछन् भन्ने कुरामा एपीटी विश्वस्त छ। नेपाल यो सृजनात्मक सन्धिलाई अनुमोदन गरेर विशेषगरी यो क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने स्थानमा देखिएको छ। यद्यपि, नेपाल अझै संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। यसबीच सुरक्षा निकायहरूमाथि नागरिक नियन्त्रण बढाउन महत्वपूर्ण कदमहरू चालिएका छन्। अन्तरिम संयन्त्रहरूले विगतका अधिनायकवादी अभ्यासहरूबाट छुटकारा पाउने तत्परता दर्शाउँदै, विद्यमान फौजदारी न्याय प्रणालीको कार्यशैलीमा उल्लेखनीय रूपमा अपूर्णता देखेका र त्यसलाई सुदृढ बनाउन वाह्य सहायताको खुल्ला रूपमा स्वागत गरेका छन्।

अप्रिल २००६ को जनआन्दोलनपश्चात् यातनाका घटनाहरूमा उल्लेखनीय कमी आएता पनि थुनुवा केन्द्रहरू भयानक कठिनाईपूर्ण छन्। नेपाल सरकारले २००४ को मानवअधिकार राष्ट्रिय कार्य योजनामा उल्लेख गरेझैं भौतिक अवस्थाहरू अन्तर्राष्ट्रिय मापदण्डभन्दा निकै तल्लोस्तरका छन्:

> आधारभूत मानवअधिकारको पूर्ण संरक्षण गर्न सक्षम सुधारात्मक प्रणालीको अझै आवश्यकता छ। कारागार प्रशासनको सुधार र मानवअधिकारको संरक्षणको कुरालाई प्राथमिकता दिनु पनि त्यत्तिकै आवश्यक छ। ... कारागार प्रणालीमा र त्यहाँ रहेका बन्दीको जीवनस्तरमा सुधार ल्याउनका लागि साझा अभियानकै शुरुवात गर्नु आवश्यक भइसकेको छ। ... क्षमताभन्दा अत्यधिक बढी बन्दी हुनु, औषधी तथा औषधोपचार पर्याप्त मात्रामा नहुनु र जीर्ण एवम् अपर्याप्त भौतिक संरचना र भवनहरू हुनु मानवअधिकार राष्ट्रिय कार्य योजनाले उल्लेख गरेका कारागार प्रणालीमा देखिएका प्रमुख समस्याहरूमध्ये हुन्।[१]

यातनासम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकले सेप्टेम्बर २००५ मा नेपाल भ्रमणका क्रममा पहिचान गरेका गम्भीर कमी-कमजोरीहरूलाई नेपालले सम्बोधन गर्नु आवश्यक छ। विशेष समाधिक्षकले उल्लेख गरेका थिए, "प्रहरी, सशस्त्र प्रहरी र शाही नेपाली सेनाद्वारा योजनाबद्ध ढंगले यातना र दूर्व्यवहार कायमै राखिएको थियो", र "कानुनी सुरक्षाका उपायहरू निरन्तर बेवास्ता गरिएका र व्यापकरूपमा अर्थहीन थिए।"[२]

---

१. NHRAP, pt 2.2.8.3. and 2.2.9.2.

२. UN Doc. E/CN.4/2006/6/Add.5, 9 January 2006, pt 1.

विशेष समाधिक्षकका सरोकारहरूलाई यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय समितिद्वारा पनि उठाइएको थियो, जसले संरचनात्मक सुधार र थुनुवा केन्द्रहरूमाथि नागरिक निगरानीको आवश्यकतामा जोड दिएको थियो।

अन्तरिम संयन्त्र र पछि निर्वाचित हुने सरकारका अगाडि आउनसक्ने चुनौतिका बावजुद, बन्द निकायभित्र हुने दूर्व्यवहारहरू अन्त्य भइसकेको सुनिश्चित गर्ने कार्यमा सहयोग पुऱ्याउन मानवअधिकारकर्मीहरूमाथि भर पर्न सकिन्छ।

एकातर्फ, नेपालको राष्ट्रिय मानवअधिकार आयोगलाई कुनै पनि सरकारी निकाय, जेल वा सार्वजनिक निकायको भ्रमण तथा पर्यवेक्षण गर्ने र सुझावहरू पेश गर्ने कार्यादेश छ। अहिले आयोगमा नयाँ पदाधिकारीहरू नियुक्त हुने स्थिति छ, र यसले उक्त भूमिका प्रभावकारी रूपमा निर्वाह गर्ने अपेक्षा गरिएको छ। यसबाहेक, नेपालमा विगत दुई वर्षदेखि कार्यरत संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले छोटो अवधिमा पनि प्रजातन्त्र र कानुनको शासनलाई मजबुद पार्ने संयन्त्रका रूपमा आफूलाई स्थापित गरेको छ। त्यसैगरी, राजनीतिक कार्यसूचीमा यातनाविरुद्धको संघर्ष उच्च स्थानमा पर्दछ भन्ने कुरा सुनिश्चित गर्न नेपालमा मानवअधिकारका लागि निकै पटक समर्पण र प्रतिबद्धताको उदाहरण दिएको चलायमान एनजीओ समुदायले कुनै कसर बाँकी राख्दैन भन्ने अपेक्षा गर्न सकिन्छ।

ओपीक्याटको रोकथाममुखी दृष्टिकोणले थुनुवा केन्द्रहरूमा विद्यमान दूर्व्यवहारको समस्या अन्त्य गर्न नेपाललाई सहयोग पुऱ्याउन सक्दछ भन्ने कुरामा ओपीटी विश्वास गर्दछ।

नेपालद्वारा ओपीक्याट अनुमोदनको उद्देश्यका साथ संचालित अभियानमा इन्सेकसँग सहकार्य गर्न पाउँदा एपीटी हर्षित छ र यातना तथा अन्य प्रकारका दूर्व्यवहारहरूविरुद्ध कार्यरत व्यक्ति तथा संस्थाहरूसम्म पुगेर उनीहरूलाई पनि यो अभियानमा संलग्न गराउनुपर्ने आवश्यकतामा जोड दिन चाहन्छ। यातनाजस्तो अपमानजनक अभ्यास रातारात निर्मूल हुन सक्दैन। त्यसका लागि निरन्तर प्रयास आवश्यक छ।

फिलिप ट्रम्ब्ले
एसिया-प्रशान्त क्षेत्रीय कार्यक्रम अधिकृत
यातना रोकथाम संघ

Foreword

The Association for the Prevention of Torture (APT; www.apt.ch) is pleased be associated with the Informal Sector Service Centre (INSEC; www.inseconline.org) and to present you this compilation of two fundamental human rights treaties whose implementation can provide robust protection for the rights of people deprived of their liberty.

An international non-governmental organisation based in Geneva, the APT promotes torture prevention strategies. We work with relevant government agencies, national human rights institutions and civil society organisations. For 30 years the APT has lobbied governments and has provided legal and practical advice and training to help prevent torture and other forms of cruel, inhuman and degrading treatment or punishment.

The main 1984 *UN Convention against Torture* is therefore an important foundation for the work of the APT. This fundamental human rights treaty has been ratified by over 140 States, including Nepal. The Convention absolutely prohibits torture in all circumstances and requires states to take effective measures to prevent torture. Among other things, it requires each State to make torture a crime under national law, excludes any defence of necessity, justification or superior orders, and requires States to investigate every allegation of torture and to prosecute or extradite all perpetrators of torture. The Convention forbids countries to transfer a person to the custody or territory of another country if he may be tortured there. Additionally, States are not permitted to allow information obtained by torture to be used as evidence. The Convention also prohibits all other forms of cruel, inhuman or degrading treatment or punishment.

One of the best ways to prevent torture and other forms of ill-treatment is to establish independent monitoring bodies with a mandate to undertake regular unannounced visits to all types of places of detention. This is why the APT has led global campaigns for the development, adoption, universal ratification, and full implementation of the 2002 *Optional Protocol to the UN Convention against Torture* ("OPCAT" or "Optional Protocol"), which provides for an integrated system of national and international visiting bodies.

The Optional Protocol remains less well-known than the main Convention, particularly in the Asia-Pacific region. However, OPCAT's preventive scheme

has already been set into motion by its entry into force on 22 June 2006. The 10 independent experts of the UN Subcommittee for the Prevention of Torture under the OPCAT were elected in December; the Subcommittee held its first working session in February 2007. As of 6 March 2007 the OPCAT has 32 State Parties.

The APT is confident that more Asian nations will join the OPCAT in the near future. Nepal seems particularly well-positioned to take a leadership role in the region by being among the first to ratify this innovative treaty. Although, at the time of writing, Nepal is still undergoing a period of transition, important steps have been taken to increase civilian control over security forces. The interim authorities acknowledge significant deficiencies in the way the criminal justice system currently functions, and openly welcome external assistance, showing a willingness to do away with past autocratic practices.

While the incidence of torture has significantly decreased since the People's Movement of April 2006, detention facilities remain in dire straits. Material conditions are far below international standards, as was recognized by the Nepalese government in its 2004 National Human Rights Action Plan (NHRAP):

> [The] correction system still needs to be able to assure the full protection of basic human rights. The need for reform in prison administration and protection of human rights has to be a priority […] It is imperative that a common effort to improve prison system and the lives of prisoners be initiated. […] Among the main problems encountered in the prison system, the NHRAP names overcrowding, inadequate medical and health care and derelict and inadequate infrastructures and buildings.[1]

Nepal needs to address the serious shortcomings identified by the UN Special Rapporteur on Torture following his September 2005 mission, where he stated that "torture and ill-treatment [were] systematically practiced by the police, the armed police and the Royal Nepalese Army", and that "legal safeguards [were] routinely ignored and effectively meaningless".[2]

---

1. NHRAP, pt 2.2.8.3. and 2.2.9.2.
2. UN Doc. E/CN.4/2006/6/Add.5, 9 January 2006, pt 1.

The Special Rapporteur's concerns were echoed shortly thereafter by the UN Committee against Torture, which further emphasized the need for structural reform and civilian oversight of detention facilities.

Thankfully, in spite of the challenges ahead for the interim authorities and for the elected government that will follow, human rights actors can be relied upon to help ensure that ill-treatment in closed institutions becomes a thing of the past.

For one, the Nepalese National Human Rights Commission (NHRC) has a mandate to visit and observe any authority, jail or public institution and make recommendations. Now that a new leadership is about to emerge, it is hoped that it will take up this role in a rigorous fashion. Moreover, the Office of the UN High Commissioner for Human Rights (OHCHR), which has been operating in Nepal for two years, has quickly established itself as an instrument for strengthening democracy and the rule of law. Furthermore, the vibrant NGO community, which has time and again shown dedication and commitment to the cause of human rights in Nepal, can be expected to spare no effort to make sure that the struggle against torture remains high on the political agenda.

The APT believes that preventive approach of the OPCAT can help Nepal overcome the persistent problem of ill-treatment in the country's detention facilities.

While the APT is glad to be working together with INSEC on the campaign aimed at having Nepal acceding to the OPCAT, it wishes to stress the importance to reach out and involve all like-minded individuals and institutions who share the same aversion towards torture and other forms of ill-treatment. The eradication of such degrading pratices will not happen overnight. Substained efforts will be required.

Philippe TREMBLAY
Asia-Pacific Program Officer
Association for the Prevention of Torture

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको

महासन्धि

महासभाको १० डिसेम्बर १९८४ को प्रस्ताव नं ३९/४६ बाट ग्रहण गरी हस्ताक्षर, अनुमोदन तथा सम्मिलनका लागि खुला भएको

लागू भएको मिति: धारा २७ (१) अनुसार, २६ जुन १९८७

यस महासन्धिका पक्षराष्ट्रहरू,

संयुक्त राष्ट्रसंघको बडापत्रमा घोषित सिद्धान्तहरू अनुसार मानव परिवारका सबै सदस्यहरूको समान तथा प्राकृतिक स्वभावका अधिकारको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको आधार हो भन्ने कुराको विचार गर्दै,

मानव व्यक्तिमा अन्तर्निहित मर्यादाबाट ती अधिकारहरू नि:सृत हुने कुरालाई स्वीकार गर्दै,

मानवअधिकार तथा मौलिक स्वतन्त्रताप्रतिको विश्वव्यापी सम्मान तथा सोको पालना र प्रबर्द्धन गर्ने बडापत्र, खासगरी धारा ५५ अन्तर्गत राष्ट्रहरूको दायित्व विचार गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ५ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ७, जुन धाराहरूले कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने कुराको व्यवस्था गरेका छन्, प्रति ध्यान दिंदै,

महासभाबाट ९ डिसेम्बर १९७५ मा ग्रहण गरिएका सबै व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डबाट संरक्षण गर्नेसम्बन्धी घोषणाप्रति समेत ध्यान दिंदै, विश्वभर नै यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको संघर्षलाई बढी प्रभावकारी बनाउने इच्छा गर्दै,

देहाय बमोजिम सहमत भएका छन् :

भाग १

धारा १

१. यस महासन्धिको प्रयोजनका लागि "यातना" भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक आधिकारिक क्षमताको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साविति लिने वा तेस्रो व्यक्तिले गरेको भनी शंका गरिएको कार्यको लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्नेजस्ता उद्देश्यहरूका लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानी जानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउँछ। कानुनी बन्देजहरूबाट मात्र उत्पन्न हुने वा त्यस्ता बन्देजहरूमा अन्तर्निहित वा सोसँग आनुसंगिक कुनै कष्ट वा पीडा यसमा समावेश हुँदैन।

२. व्यापक रूपमा लागू हुने व्यवस्था भएको वा हुन सक्ने अन्तर्राष्ट्रिय लिखत वा राष्ट्रिय कानुनप्रति यो धारा पूर्वाग्रहरहित छ।

धारा २

१. प्रत्येक राज्यपक्षले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै इलाकामा यातनाका कार्यहरूको रोकथाम गर्नको लागि प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अपनाउने छ।

२. युद्धको स्थिति वा धम्की वा युद्ध होस् वा जस्तोसुकै अपवादजनक परिस्थितिहरू, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै पनि सार्वजनिक संकट होस्, लाई यातनाको औचित्यको रूपमा स्वीकार गर्न सकिने छैन।

३. माथिल्लो तहको अधिकृत वा सार्वजनिक निकायको आदेशलाई यातनाको औचित्यताको रूपमा स्वीकार गर्न सकिने छैन।

धारा ३

१. कुनै पनि पक्षराष्ट्रले कुनै व्यक्तिलाई अर्को राष्ट्र, जहाँ सो व्यक्ति यातना दिइने खतरामा पर्न सक्दछ भन्ने कुरा विश्वास गर्ने ठोस आधारहरू छन्, मा निकाला गर्ने, फर्काउने वा सुपुर्दगी गर्ने छैन।

२. त्यस्ता आधारहरू भए-नभएको कुरा एकिन गर्ने प्रयोजनका लागि सक्षम निकायहरूले लागू हुने अवस्थामा, सम्बन्धित राष्ट्रमा मानवअधिकारहरूको व्यापक वा आम उलंघनको स्थिर स्वरूपसमेत सबै सान्दर्भिक कुराहरूको विचार गर्ने छन्।

धारा ४

१. प्रत्येक पक्षराष्ट्रले यातनाका सबै कार्यहरू आफ्नो फौजदारी कानुन अन्तर्गत कसूर हुने कुरा सुनिश्चत गर्ने छन्। यो व्यवस्था यातना गर्ने उद्योग तथा कुनै व्यक्तिबाट गरिएका यातनामा जटिलता वा सहभागिता सिर्जना गर्ने सबै कार्यको हकमा लागू हुनेछ।

२. प्रत्येक पक्षराष्ट्रले यी कसुरहरूलाई तिनीहरूको गम्भीर प्रकृतिलाई समेत विचार गरी उपयुक्त दण्ड सजायँबाट दण्डनीय बनाउने छन्।

धारा ५

१. प्रत्येक पक्षराष्ट्रले देहायका अवस्थामा धारा ४ मा उल्लिखित कसूरहरू आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरू अपनाइने छन्।

(क) आफ्नो क्षेत्राधिकार अन्तर्गत कुनै इलाका वा सो राष्ट्रमा दर्ता गरिएको जहाज वा वायुयानमा कसूरहरू गरिएमा,

(ख) दोषी अभियुक्त सो राष्ट्रको नागरिक भएमा,

(ग) सो राष्ट्रले यसलाई उपयुक्त ठानेको खण्डमा।

२. प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै इलाकामा अभियुक्त रहेको र आफूले निजलाई धारा ८ बमोजिम यस धाराको प्रकरण १ मा उल्लिखित कुनै

राष्ट्रमा सुपुर्दगी नगर्ने अवस्थामा त्यस्ता कसूरहरूमा आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरू अपनाउने छन्।

३. यस महासन्धिले आन्तरिक कानुनअनुसार प्रयोग गरिएको कुनै फौजदारी क्षेत्राधिकारलाई अलग गर्दैन।

धारा ६

१. कुनै पक्षराष्ट्रलाई उपलब्ध जानकारीको परिक्षणपछि परिस्थितिहरूबाट सो कुरा गर्नु पर्ने भएमा सो राष्ट्र जसको इलाकामा धारा ४ मा उल्लिखित कुनै कसूर गरेको अभियोग लागेको व्यक्ति रहेको छ, ले सो व्यक्तिलाई हिरासतमा लिने वा निजको उपस्थिति सुनिश्चित गर्न अन्य कानुनी उपायहरू अपनाउनेछ। हिरासत तथा अन्य अन्य कानुनी उपायहरू सो राष्ट्रको कानुनमा व्यवस्था भए बमोजिम हुने छन्, तर अपनाइने कुनै फौजदारी वा सुपुर्दगी कारवाहीहरू गर्न आवश्यक समय सम्मको लागि मात्र त्यस्तो हिरासत तथा उपायहरू निरन्तर राख्न सकिने छ।

२. यस्तो राष्ट्रले तथ्यहरूको तत्कालै प्राथमिक जाँचबुझ गर्ने छ।

३. यस धाराको प्रकरण १ अनुसार हिराशतमा रहेको कुनै व्यक्तिलाई निज नागरिक भएको राष्ट्रका निकटतम उपयुक्त प्रतिनिधिसँग वा निज राज्यविहीन व्यक्ति भएमा, निज प्राय:जसो बस्ने राष्ट्रको प्रतिनिधिसँग तत्कालै सञ्चार सम्पर्क गर्न सहायता गरिने छ।

४. कुनै राष्ट्रले यस धारा अनुसार कुनै पनि व्यक्तिलाई हिराशतमा लिएमा सो राष्ट्रले धारा ५ को प्रकरण १ मा उल्लिखित राष्ट्रलाई त्यस्तो व्यक्ति हिरासतमा रहेको तथ्य तथा निज थुनुवाईको समर्थन गर्ने परिस्थितिको तत्कालै जानकारी दिनेछ। यस धाराको प्रकारण २ मा उल्लिखित प्रारम्भिक छानबिन गर्ने राष्ट्रले उल्लिखित राष्ट्रहरूलाई आफ्नो ठहरको अविलम्व जानकारी दिने छ र आफूले क्षेत्राधिकार प्रयोग गर्ने नगर्ने कुरासमेत जनाउने छ।

धारा ७

१. पक्षराष्ट्र, जसको क्षेत्राधिकार अन्तर्गतको इलाकामा धारा ४ मा बमोजिम कुनै पनि

कसूर गरेको अभियोग लागेको व्यक्ति भेटिएको छ, ले धारा ५ मा उल्लिखित मुद्दाहरूमा सो राष्ट्रले निजलाई सुपुर्दगी नगरेमा मुद्दा चलाउने उद्देश्यको लागि सो मुद्दालाई आफ्ना अधिकारीहरूसमक्ष पेस गर्ने छ।

२. यी अधिकारीहरूले सो राष्ट्रको कानुन अन्तर्गत गम्भीर प्रकृतिको कुनै सामान्य कसूरसरह सोही तवरमा आफ्ना निर्णयहरू लिने छन्। धारा ५ को प्रकरण २ बमोजिमका मुद्दाहरूमा, मुद्दा चलाउन तथा सजायँ दिनका लागि आवश्यक प्रमाणको स्तर कुनै पनि हालतमा धारा ५ को प्रकरण १ बमोजिमका मुद्दाहरूमा लागू हुने प्रमाणको स्तरभन्दा कम कठोर हुने छैन।

३. कुनै व्यक्ति, जसको सम्बन्धमा धारा ४ बमोजिमका कसूरहरूमध्ये कुनै कसूरका सम्बन्धमा कारवाही अघि बढाइएको छ, लाई कारवाहीको सबै तहमा स्वच्छ व्यवहारको प्रत्याभूति दिइने छ।

धारा ८

१. धारा ४ बमोजिमका कसूरहरू पक्षराष्ट्रहरूबीच विद्यमान कुनै सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरहरू तिनीहरूका बीच सम्पन्न हुने प्रत्येक सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरहरूको रूपमा समावेश गर्न प्रतिज्ञा गर्दछन्।

२. सुपुर्दगीलाई सन्धिको विद्यमानतामा सर्तयुक्त बनाउने कुनै पक्षराष्ट्रले आफूसँग सुपुर्दगी सन्धि सम्पन्न नभएको कुनै अर्को पक्षराष्ट्रबाट सुपुर्दगीको लागि अनुरोध प्राप्त गरेमा यो महासन्धिलाई त्यस्तो कसूरका सम्बन्धमा सुपुर्दगीका लागि कानुनी आधारको रूपमा लिन सक्ने छ। सुपुर्दगी अनुरोध गरिएको राष्ट्रको कानुनद्वारा व्यवस्था गरिएका अन्य अवस्थाहरूका अधीनमा रहने छ।

३. सन्धिको विद्यमानतामा सुपुर्दगीलाई सर्तयुक्त नबनाउने पक्षराष्ट्रहरूले त्यस्ता कसूरहरूलाई अनुरोध गरिएको राष्ट्रको कानुनद्वारा व्यवस्था गरिएका अवस्थाहरूको अधीनमा रहने गरी आफूहरूबीच सुपुर्दगीयोग्य कसूरहरूको रूपमा स्वीकार गर्ने छन्।

४. त्यस्ता कसूरहरूलाई पक्षराष्ट्रहरूबीच सुपुर्दगीको प्रयोजनका लागि, ती घटेका स्थानमा मात्रै गरेको नभई धारा ५ को प्रकरण १ अनुसार क्षेत्राधिकार स्थापना गर्न आवश्यक राष्ट्रहरूका इलाकाहरूमा समेत भएको सरह व्यवहार गरिने छ।

धारा ९

१. पक्षराष्ट्रहरूले एक-अर्कालाई धारा ४ बमोजिमका कुनै कसूरका सम्बन्धमा गरिएको फौजदारी कारवाहीका सन्दर्भमा कारवाहीको लागि आफूसँग भएका सबै आवश्यक प्रमाणको आपूर्तिलगायतको अधिकतम सहयोग प्रदान गर्ने छन्।

२. पक्षराष्ट्रहरूले आफूहरूबीच हुन सक्ने आपसी न्यायिक सहयोगसम्बन्धी कुनै सन्धिहरूअनुरूप यस धाराको प्रकरण अन्तर्गतका आफ्ना दायित्वहरू पूरा गर्ने छन्।

धारा १०

१. प्रत्येक पक्षराष्ट्रले कानुन कार्यान्वयन कर्मचारी, निजामती वा सैनिक, चिकित्सा कर्मचारी, सार्वजानिक अधिकारी तथा कुनै प्रकारको पक्राउ, थुना वा कैदमा परेको कुनै व्यक्तिको थुना, सोधपुछ वा उपचारमा संलग्न हुने अन्य व्यक्तिहरूको तालीममा यातना निषेधसम्बन्धी शिक्षा तथा जानकारी पूर्ण रूपमा समावेश गरिएको कुरा सुनिश्चित गर्ने छन्।

२. प्रत्येक पक्षराष्ट्रले यो निषेधलाई त्यस्तो कुनै व्यक्तिको कर्तव्य र कामहरूका सम्बन्धमा जारी गरिएका नियम वा निर्देशनहरूमा समावेश गर्ने छ।

धारा ११

प्रत्येक पक्षराष्ट्रले यातनाको कुनै पनि स्थितिलाई रोक लगाउने उद्देश्यले आफ्नो क्षेत्राअधिकार अन्तर्गतको कुनै इलाकामा कुनै पनि प्रकारको पक्राउ, थुना वा कैदमा रहेका व्यक्तिहरूको थुना वा व्यवहारका लागि सोधपुछका नियमहरू, निर्देशनहरू, विधिहरू तथा व्यवहारहरू एवं प्रबन्धहरूलाई व्यवस्थित पुनरावलोकन अन्तर्गत राख्ने छ।

धारा १२

प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै इलाकामा यातनाको कार्य गरिएको विश्वास हुने मनासिव आधार भएको अवस्थामा आफ्ना सक्षम अधिकारीहरूले छिटो तथा निष्पक्ष अनुसन्धान अगाडि बढाउने कुरा सुनिश्चित गर्ने छन्।

धारा १३

प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कनै इलाकामा यातना दिइएको भनी आरोप लगाउने कुनै व्यक्तिलाई यसका अधिकारीहरूसमक्ष उजूरी गर्ने वा निजहरूबाट आफ्नो मुद्दाको छिटो तथा निष्पक्ष रूपमा परीक्षण गरिपाउने अधिकार भएको कुरा सुनिश्चित गर्ने छन्। उजूरवाला वा साक्षीहरूलाई निजको उजुरी वा निजले दिएको कुनै प्रमाणको परिणामको रूपमा यसै दुर्व्यवहार वा धम्कीबाट संरक्षण गर्न कदमहरू चालिने छन्।

धारा १४

१. प्रत्येक पक्षराष्ट्रले यातनाको कार्यबाट पीडित व्यक्तिले उद्धार पाउने तथा संभव भएसम्म पूर्ण सो व्यक्तिको पुनर्स्थापनाको उपायहरूलगायत उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्न लागू गराउन सकिने अधिकार प्राप्त गर्दछ भन्ने कुरा आफ्नो कानुनी प्रणालीमा सुनिश्चत गर्ने छन्। यातनाको फलस्वरूप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरूलाई क्षतिपूर्ति पाउने अधिकार हुने छ।

२. यस धाराका कुनै कुराले पीडित वा अन्य व्यक्तिहरूले क्षतिपूर्ति पाउने राष्ट्रिय कानुन अन्तर्गत विद्यमान कुनै पनि अधिकारलाई प्रभाव पार्ने छैन।

धारा १५

प्रत्येक पक्षराष्ट्रले यातनाको परिणाम स्वरूप गरिएको ठहर भएको कुनै बयानलाई यातना दिएको आरोप लागेको व्यक्तिविरुद्ध सो बयान गरिएको कुराको प्रमाणको रूपमा वाहेक कुनै पनि कारवाहीमा प्रमाणको रूपमा नलिइने कुरा सुनिश्चित गर्नेछ।

धारा १६

१. प्रत्येक पक्षराष्ट्रले धारा १ मा परिभाषित यातनाको कार्यभित्र नपर्ने क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका अन्य कार्यहरू, त्यस्ता कार्यहरू कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक क्षमताको हैसियतमा कार्य गर्ने अन्य व्यक्तिबाट वा निजको प्रोत्साहन वा सहमतिमा वा मन्जुरीबाट गरिएकोमा, आफ्नो क्षेत्राधिकार

अन्तर्गतका कुनै पनि क्षेत्रमा रोक लगाउने कुराको प्रतिज्ञा गर्नेछन्। खासगरी धारा १०, ११, १२ र १३ मा उल्लिखित दायित्वहरू क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका अन्य स्वरूपको सन्दर्भका यातनाको सम्बन्धमा फेर वदल सहित लागू हुनेछन्।

२. यस महासन्धिका व्यवस्थाहरूले क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय निषेध गर्ने वा सुपुर्दगी वा निष्काशनसँग सम्बन्ध राख्ने अन्य कुनै अन्तर्राष्ट्रिय दस्तावेजका वा राष्ट्रिय कानुनी व्यवस्थाहरूमा प्रतिकूल प्रभाव पार्ने छैनन्।

भाग २

धारा १७

१. यसपछि व्यवस्था गरिएका कार्यहरू गर्ने यातना विरूद्धको समिति (यसपछि "समिति" भनिएको) को स्थापना गरिनेछ। समितिमा उच्च नैतिक अडान र मानवअधिकारको क्षेत्रमा सक्षमता स्वीकार गरिएका दश जना विशेषज्ञहरू रहनेछन्। निजहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन्। विशेषज्ञहरू समन्यायिक भौगोलिक विभाजन तथा कानुनी अनुभव भएका केही व्यक्तिहरूको सहभागिताको उपयोगितामा ध्यान दिई पक्षराष्ट्रहरूबाट निर्वाचित हुने छन्।

२. पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुने छन्। प्रत्येक पक्षराष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट एक व्यक्ति मनोनयन गर्न सक्नेछ। पक्षराष्ट्रहरूले नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र अन्तर्गत स्थापित मानवअधिकार समितिका समेत सदस्य भएका तथा यातना विरूद्धको समितिमा सेवा गर्न इच्छुक व्यक्तिहरूको मनोनयनको उपयोगितालाई विचार गर्ने छन्।

३. संयुक्त राष्ट्रसंघका महासचिवद्वारा वोलाइएको पक्षराष्ट्रहरूको द्विवार्षिक बैठकहरूमा समितिका सदस्यहरूको निर्वाचन गरिने छ। पक्षराष्ट्रहरूको दुई तिहाइ संख्यालाई गणपुरक संख्या मानिने ती बैठकहरूमा सबभन्दा बढी मत तथा बैठकमा उपस्थित भै मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको मतको पूर्ण बहुमत प्राप्त गर्ने मनोनित व्यक्तिहरू नै समितिमा निर्वाचित हुने छन्।

४. प्रस्तुत महासन्धि लागू भएको मितिले ६ महिना भित्रै प्रारम्भिक निर्वाचन गरिने छ। प्रत्येक बैठकको मितिभन्दा कम्तिमा चार महिना अगावै संयुक्त राष्ट्रसंघका महासचिवले पक्षराष्ट्रहरूलाई ३ महिनाभित्र तिनीहरूका मनोनयनहरू पेश गर्न आमन्त्रण गर्दै पत्र पठाउनेछन्। महासचिवले त्यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रममा तिनीहरूको मनोनयन गर्ने पक्षराष्ट्रहरू उल्लेख गरिएको एउटा सूची तयार गरी सो सूची पक्षराष्ट्रहरूसमक्ष पेश गर्ने छन्।

५. समितिका सदस्यहरू चार वर्षका अवधिका लागि निर्वाचित हुने छन्। पुन: मनोनित भएमा तिनीहरू पुनर्निर्वाचनका लागि योग्य हुने छन्। तर प्रथम निर्वाचनमा निर्वाचित सदस्यहरूमध्ये पाँच जना सदस्यहरूको पदावधि २ वर्षको अन्त्यमा समाप्त हुनेछ, प्रथम निर्वाचनको तत्कालै पछि यी पाँचजना सदस्यहरूको नाम यस धाराको प्रकरण ३ बमोजिमका समितिको अध्यक्षबाट गोला हालेर छानिने छ।

६. समितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले राजिनामा दिएमा वा अन्य कुनै कारणले समितिमा रही आफ्नो कर्तव्य पूरा गर्न नसको भएमा निजलाई मनोनयन गर्ने पक्षराष्ट्रले निजको बाँकी पदावधिको लागि सेवागर्न आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्ने छ, त्यस्तो नियुक्तिलाई पक्षराष्ट्रहरूको बहुमतले स्वीकृति गर्नु पर्ने छ। पक्षराष्ट्रहरूमध्ये पचास प्रतिशत वा सो भन्दा बढी राष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवबाट प्रस्तावित नियुक्तिको जानकारी पाएको ६ हप्ताभित्र नकारात्मक जवाफ नदिएमा स्वीकृति गरेको मानिने छ।

७. समितिको कर्तव्य पूरा गर्दाको समयमा समितिका सदस्यहरूको खर्चका लागि पक्षराष्ट्रहरू उत्तरदायी हुने छन्।

धारा १८

१. समितिले आफ्ना अधिकारीहरू दुई वर्षको पदावधिका लागि निर्वाचित गर्नेछ। उनीहरू पुनर्निर्वाचित हुन सक्ने छन्।

२. समितिले आफ्नै कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ तर ती नियमहरूले अन्य कुराका अतिरिक्त देहायका कुराहरूको व्यवस्था गर्नेछ :

(क) ६ जना सदस्यहरूको गणपूरक संख्या हुने छ।

(ख) समितिका निर्णयहरू उपस्थित सदस्यहरूको बहुमतबाट गरिने छ।

३. संयुक्त राष्ट्रसंघका महासचिवले यस महासन्धि अन्तर्गत समितिका कार्यको प्रभावकारी सम्पादनका लागि आवश्यक कर्मचारी तथा सुविधाहरू उपलब्ध गराउने छन्।

४. संयुक्त राष्ट्रसंघका महासचिवले समितिको प्राथमिक बैठक बोलाउनेछन्। प्रारम्भिक बैठकपछि समितिको कार्यविधिका निर्णयहरूमा व्यवस्था भए बमोजिमको समयमा समितिको बैठक बस्ने छ।

५. पक्षराष्ट्रहरूका तथा समितिका बैठकका सम्बन्धमा भएका खर्चहरूलगायत कर्मचारीको खर्च तथा सुविधाहरू वापत खर्च जस्ता यस धाराका प्रकरण ३ अनुसार संयुक्त राष्ट्रसंघबाट व्यहोरिएका खर्च वापत संयुक्त राष्ट्रसंघलाई गर्नु पर्ने शोधभर्नाको लागि पक्षराष्ट्रहरू उत्तरदायी हुने छन्।

धारा १९

१. पक्षराष्ट्रहरूले यस महासन्धि अन्तर्गतका आफ्ना प्रतिज्ञाहरू लागू गर्न आफूले अपनाएका उपायहरूसम्बन्धी प्रतिवेदनहरू सम्बन्धित पक्षराष्ट्रका हकमा यो महासन्धि लागू भएको मितिले एक वर्षभित्र संयुक्त राष्ट्रसंघका महासचिव मार्फत् समितिसमक्ष पेश गर्ने छन्। त्यसपछि पक्षराष्ट्रहरूले आफूले प्रत्येक चार-चार वर्षमा अपनाएका नयाँ उपायहरूसम्बन्धी पूरक प्रतिवेदनहरू तथा समितिले अनुरोध गरे बमोजिमका अन्य प्रतिवेदनहरू पेश गर्नेछन्।

२. संयुक्त राष्ट्रसंघका महासचिवले प्रतिवेदनहरू सबै पक्षराष्ट्रहरूलाई पठाउने छन्।

३. प्रत्येक प्रतिवेदन समितिबाट विचार गरिनेछ, समितिले प्रतिवेदन उपर आफूले उपयुक्त सम्झेका टिप्पणीहरू गर्न सक्ने छ र त्यस्ता टिप्पणीहरू सम्बन्धित पक्षराष्ट्रलाई पठाउने छ। सो पक्षराष्ट्रले आफूले रोजेका कुनै भनाई समेत समितिलाई आफ्नो प्रतिक्रिया व्यक्त गर्ने छ।

४. आफूबाट यस धाराको प्रकरण ३ बमोजिम गरिएका टिप्पणीहरूलगायत् पक्षराष्ट्रबाट तत्सम्बन्धमा प्राप्त भनाईहरू धारा २४ बमोजिम पेश गर्ने आफ्नो प्रतिवेदनमा समावेश गर्ने कुरा समितिले आफ्नो स्वविवेकमा निर्णय गर्न सक्ने छ। सम्बन्धित

पक्षराष्ट्रबाट त्यसरी अनुरोध गरिएमा समितिले यस धाराको प्रकरण १ अन्तर्गत पेश गरिएको प्रतिवेदनको प्रति समेत संलग्न गर्न सक्ने छ।

धारा २०

१. कुनै पक्षराष्ट्रको इलाकामा यातना व्यवस्थितरूपमा व्यवहार भइरहेको छ भन्ने कुराको सन्तोषजनक प्रमाण रहेको भन्ने संकेतहरू देखिने भरपर्दो जानकारी समितिले प्राप्त गरेमा समितिले सो पक्षराष्ट्रलाई सो जानकारीको परीक्षा गर्ने कार्यमा सहयोग पुऱ्याउन तथा यस उद्देश्यका लागि सम्बन्धित जानकारीका सम्बन्धमा भनाईहरू पेश गर्न निम्त्याउने छ।

२. सम्बन्धित पक्षराष्ट्रबाट पेश गर्न सकिने कुनै भनाईहरू एंव आफूसँग उपलब्ध कुनै अन्य सम्बन्धित जानकरीलाई दृष्टिगत गरी समितिले आफ्नो एक वा सो भन्दा बढी सदस्यहरूलाई गोप्यरूपमा छानबिन गर्न र समितिसमक्ष तुरुन्तै प्रतिवेदन पेश गर्न खटाउन सक्ने छ।

३. यस धाराको प्रकरण २ अनुसार छानबिन गरिएमा समितिले सम्बन्धित पक्षराष्ट्रको सहयोग माग गर्ने छ। सो पक्षराष्ट्रसँगको सहमतिमा, त्यस्तो छानबिनमा यसको इलाकाको भ्रमण पनि समावेश हुन सक्ने छ।

४. यस धाराको प्रकरण २ अनुसार पेश गरिएका अन्य सदस्य वा सदस्यहरूको ठहर परीक्षण गरेपछि समितिले यी ठहरहरू एवं परिस्थितिअनुरूप उपयुक्त देखिने टिप्पणी वा सुझावहरू सम्बन्धित पक्षराष्ट्रलाई पठाउने छ।

५. यस धाराक प्रकरण १ देखि ४ मा उल्लिखित समितिको सबै कारवाही गोप्य हुनेछ र कारवाहीका सबै चरणहरूमा पक्षराष्ट्रको सहयोग खोजिने छ। प्रकरण २ अनुसार गरिएको छानबिन सम्बन्धमा त्यस्ता कारवाही पूरा भएपछि समितिले सम्बन्धित पक्षराष्ट्रसँग परामर्श गरेपछि कारवाहीको परिणामको सारांशगत व्यहोरा धारा २४ अन्तर्गत पेश गरिने आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्ने निर्णय गर्न सक्ने छ।

धारा २१

१. यस महासन्धिको कुनै पक्षराष्ट्रले यस महासन्धि अन्तर्गत अर्को कुनै पक्षराष्ट्रले

आफ्नो दायित्व पूरा गरिरहेको छैन भनी दावी गरेको सूचना प्राप्त गर्न तथा सो उपर विचार गर्न सक्ने समितिको सक्षमता स्वीकार गरेको कुरा यस धारा अन्तर्गत कुनै पनि समयमा घोषणा गर्न सक्ने छ। समितिको सक्षमता स्वीकार गरी घोषणा गरेको पक्षराष्ट्रबाट पेश गरिएका सूचना मात्र यस धारामा उल्लेख गरिएको कार्यविधिअनुरूप ग्रहण गर्न र सोउपर विचार गर्न सकिने छ। त्यस्तो घोषणा नगरिएको कुनै पक्षराष्ट्रसँग सम्बन्धित कुनै सूचनाउपर समितिले कारवाही गर्ने छैन। यस धारा अन्तर्गत प्राप्त गरिएका सूचनाहरू देहायका कार्यविधिअनुसार हेरिने छन्।

(क) प्रस्तुत महासन्धिको कुनै पक्षराष्ट्रलाई महासन्धिका व्यवस्थाहरूलाई अर्को पक्षराष्ट्रले कार्यान्वयन गरिरहेको छैन भन्ने लागेमा सो पक्षराष्ट्रले लिखित सूचनाद्वारा सो कुरा त्यस्तो पक्षराष्ट्रको ध्यानमा ल्याउन सक्ने छ। सूचना प्राप्त गरेको ३ महिनाभित्र सूचना प्राप्त गर्ने राष्ट्रले सूचना पठाउने राष्ट्रलाई विषयवस्तु स्पष्ट गर्ने व्याख्या वा अन्य कुनै कथन उपलब्ध गराउनेछ र त्यस्तो व्याख्या वा कथन एवं सान्दर्भिक भएसम्म, सो विषयमा लिइएका विचाराधीन रहेका वा उपलब्ध घरेलु कार्यविधि तथा उपचारहरूको सन्दर्भ समेत समावेश गर्नु पर्ने छ।

(ख) सूचना प्राप्त गर्ने राष्ट्रले प्रारम्भिक सूचना प्राप्त गरेको ६ महिनाभित्र सम्बन्धित दुवै पक्षराष्ट्रहरूको चित्त बुझ्ने गरी सो कुरा समाधान हुन नसकेमा, कुनै राष्ट्रलाई समितिलाई तथा अर्को राष्ट्रलाई सूचना दिएर सो कुरा समितिसमक्ष पेश गर्ने अधिकार हुने छ।

(ग) सो विषयमा अन्तराष्ट्रिय कानुनका सामान्यत: स्वीकृत सिद्धान्तहरू अनुरूप उपलब्ध सबै घरेलु उपचारहरूको माग गरिएको र त्यस्ता उपचारहरू समाप्त भइसकेको कुरा समितिले एकिन गरिसकेपछि मात्र समितिले आफूसमक्ष पेश गरिएको कुनै कुरामाथि यस धारा अन्तर्गत कारवाही गर्ने छ। उपचारहरू लागू गर्न अनुचितरूपमा ढिलाई हुने अवस्थामा यो व्यवस्थालाई नियमको रूपमा लिइने छैन।

(घ) यस धारा अन्तर्गत सूचना परिक्षण गर्दा समितिले गोप्य बैठकहरू गर्ने छ।

(ङ) उपप्रकरण (ग) का व्यवस्थाहरूको अधिनमा रही, समितिले प्रस्तुत महासन्धिमा व्यवस्था गरिएका दायित्वहरूको सम्मानका आधारमा विषयको मैत्रिपूर्ण

समाधान गराउने उद्देश्यले सम्बन्धित पक्षराष्ट्रहरूलाई आफ्नो सद्भावपूर्ण सेवा (गुड अफिसेस) उपलब्ध गराउनेछ। यस प्रयोजनका लागि उपयुक्त भएमा एक अस्थायी मेलमिलाप आयोग गठन गर्न सक्ने छ।

(च) यस धारा अन्तर्गत आफूसमक्ष पेश गरिएको कुनै कुरामा समितिले उपप्रकरण (ख) बमोजिमका सम्बन्धित पक्षराष्ट्रहरूलाई कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्दछ।

(छ) उपप्रकरण (ख) मा उल्लिखित सम्बन्धित पक्षराष्ट्रहरूलाई सो विषय उपर समितिमा विचार भइरहेको बेलामा आफ्नो प्रतिनिधित्व गर्न पाउने तथा मौखिक वा लिखितरूपमा जिकिर पेश गर्ने अधिकार हुने छ।

(ज) उपप्रकरण (ख) अन्तर्गत सूचना प्राप्त गरेको मितिले १२ महिनाभित्र समितिले प्रतिवेदन पेश गर्ने छ।

(१) उपप्रकरण (ङ) का अवस्थाभित्र कुनै समाधान प्राप्त भएको अवस्थामा, समितिले आफ्नो प्रतिवेदन, तथ्यहरूको तथा प्राप्त भएको समाधानको संक्षिप्त व्यहोरामा सीमित गर्ने छ।

(२) उपप्रकरण (ङ) का अवस्थाभित्र कुनै समाधान प्राप्त नभएमा समितिले आफ्नो प्रतिवेदन तथ्यहरूको संक्षिप्त व्यहोरामा सीमित गर्नेछ, सम्वन्धित पक्षराष्ट्रहरूबाट पेश गरिएका लिखित जिकीरहरू तथा मौखिक जिकीरहरूको अभिलेख (रेकर्ड) प्रतिवेदनमा साथ संलग्न गरिने छ। प्रत्येक कुरामा, सो प्रतिवेदन सम्बन्धित पक्षराष्ट्रहरूलाई पठाइने छ।

२. यस महासन्धिका पाँचवटा पक्षराष्ट्रहरूले यस धाराको प्रकरण १ अन्तर्गत घोषणाहरू गरिसकेपछि यस धाराका व्यवस्थाहरू लागू हुनेछन्। पक्षराष्ट्रहरूबाट त्यस्ता घोषणाहरू संयुक्त राष्ट्रसंघको महासचिवसमक्ष दाखिला गरिनेछ र निजले सोको पत्रहरू अन्य पक्षराष्ट्रहरूलाई पठाउने छन्। महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ। उही धारा अन्तर्गत पठाइसकिएको सूचनाको विषय भएको कुनै कुरा विचार गर्न त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पार्ने छैन। सम्बन्धित पक्षराष्ट्रले नयाँ घोषणा नगरेसम्म फिर्ता लिने कार्यको सूचना प्राप्त गरेपछि त्यस्तो पक्षराष्ट्रबाट कुनै पनि अग्रीम सूचना यस धारा अन्तर्गत प्राप्त गरिने छैन।

धारा २२

१. यस महासन्धिको कुनै पक्षराष्ट्रहरूले यस महासन्धिका व्यवस्थाको पक्षराष्ट्रबाट उल्लंघन भएर आफू पीडित भएको दावी गर्ने आफ्ना अधिकार क्षेत्रभित्रका व्यक्तिहरूबाट वा निजहरूको तर्फबाट सूचना प्राप्त गर्ने तथा त्यसमाथि विचार गर्ने समितिको सक्षमता स्वीकार गरेको कुराको कुनै पनि समयमा यस धारा अन्तर्गत घोषणा गर्न सक्नेछ। कुनै सूचना त्यस्तो घोषणा नगरेको कुनै पक्षराष्ट्रसँग सम्बन्धित भएमा समितिले त्यस्तो कुनै सूचना प्राप्त गर्ने छैन।

२. समितिले कुनै सूचना, जुन वेनामी छ वा समितिको विचारमा त्यस्तो सूचना पेश गरिएको कुरा अधिकारको दुरूपयोग हुने वा यस महासन्धिका व्यवस्थाहरू अनुकूल छैन, लाई यस धारा अन्तर्गत अग्राह्य मान्ने छ।

३. प्रकरण २ का व्यवस्थाहरूको अधिनमा रही समितिले यस धारा अन्तर्गत आफूसमक्ष पेश गरिएका कुनै सूचनालाई प्रकरण १ अन्तर्गतको घोषणा गरेको र यस महासन्धिको कुनै व्यवस्था उल्लंघन गरेको आरोप लागेको यस महासन्धिको पक्षराष्ट्रको ध्यानमा ल्याउने छ। सूचना ग्रहण गर्ने राष्ट्रले विषयवस्तु तथा सो राष्ट्रबाट कुनै उपचार विधि अपनाइएको भए सो समेत स्पष्ट पार्ने लिखित स्पष्टिकरण वा बयानहरू ६ महिनाभित्र समितिसमक्ष पेश गर्ने छ।

४. व्यक्ति तथा सम्बन्धित पक्षराष्ट्रबाट वा त्यस्ता व्यक्ति वा राष्ट्रका तर्फबाट समितिलाई उपलब्ध गराइएका सबै जानकारीका आधारमा समितिले यस धारा अन्तर्गत ग्रहण गरिएका सूचनाहरू उपर विचार गर्ने छ।

५. समितिले देहायका कुरा निश्चित नगरेसम्म कुनै पनि व्यक्तिबाट प्राप्त कुनै पनि सूचना उपर विचार गर्ने छैन।

(क) अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणका अर्को कार्यविधि अन्तर्गत सोही कुरा छानबिन भएको र भइरहेको छैन,

(ख) सो व्यक्तिले सबै उपलब्ध घरेलु उपचारहरू उपयोग गरिसकेको छ, उपचारका प्रयोग अनुचितरूपमा लम्बिने भएमा वा यस महासन्धिको उल्लंघनबाट पीडित भएको व्यक्तिलाई प्रभावकारी उपचार दिन नसकने खालको भएमा यो व्यवस्था नियम हुने छैन।

६. यस धारा अन्तर्गत सूचनाहरू छानबिन गर्दा समितिले बन्द बैठक गर्ने छ।

७. समितिले सम्बन्धित पक्षराष्ट्र तथा व्यक्तिलाई आफ्नो विचार पठाउने छ।

८. यस महासन्धिका पाँचवटा पक्षराष्ट्रहरूले यस धाराको प्रकरण १ अन्तर्गत घोषणाहरू गरिसकेपछि यस धाराका व्यवस्थाहरू लागू हुने छन्। पक्षराष्ट्रबाट त्यस्ता घोषणाहरू संयुक्त राष्ट्रसंघको महासचिवसमक्ष दाखिल गरिने छ र निजले सोका प्रतिहरू अन्य पक्षराष्ट्रहरूलाई पठाउने छन्। महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिने छ। यस धारा अन्तर्गत पठाइसकिएको सूचनाको विषय भएको कुनै कुरा विचार गर्न त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पार्ने छैन। सम्बन्धित पक्षराष्ट्रले नयाँ घोषणा नगरेसम्म फिर्ता लिने कार्यको सूचना प्राप्त गरेपछि त्यस्तो व्यक्ति वा निजको तर्फबाट कुनै पनि अग्रीम सूचना यस धारा अन्तर्गत प्राप्त गरिने छन्।

धारा २३

समितिका सदस्यहरू तथा धारा २१ को प्रकरण १ (ङ) अन्तर्गत गठन हुन सक्ने अस्थायी मेलमिलाप आयोगका सदस्यहरूले संयुक्त राष्ट्रसंघको सुविधा तथा उन्मुक्तिहरूसम्बन्धी महासन्धिका सम्बन्धित प्रकरणहरूमा व्यवस्था गरिए बमोजिमका संयुक्त राष्ट्रसंघका लागि कार्यरत विशेषज्ञहरूको सुविधा, विशेषाधिकार तथा उन्मुक्तिहरू पाउने छन्।

धारा २४

सतितिले यस महासन्धि अन्तर्गत आफ्ना कारवाहीसम्बन्धी वार्षिक प्रतिवेदन पक्षराष्ट्रहरू तथा संयुक्त राष्ट्रसंघको साधारण सभासमक्ष पेश गर्ने छ।

भाग ३

धारा २५

१. सबै राष्ट्रहरूबाट हस्ताक्षर हुन यो महासन्धि खुला रहने छ।

२. यो महासन्धिका अनुमोदन हुनु पर्ने छ। अनुमोदनका लिखतहरू संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिल गरिने छन्।

धारा २६

सबै राष्ट्रद्वारा सम्मिलन हुन यो महासन्धि खुला रहेकोछ। सम्मिलनको लिखत संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुने छ।

धारा २७

१. अनुमोदन वा सम्मिलनको बीसौं लिखत संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिल भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुने छ।

२. अनुमोदन वा सम्मिलनको बीसौं लिखत दाखिल भएपछि यस महासन्धिको अनुमोदन गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राष्ट्रको लागि अनुमोदन वा सम्मिलनको आफ्नो लिखत दाखिल भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुने छ।

धारा २८

१. प्रत्येक राष्ट्रले महासन्धिमा हस्ताक्षर गर्दा वा यसको अनुमोदन गर्दा वा यसमा सम्मिलन हुँदाका बखत आफूले धारा २० मा व्यवस्था गरिए बमोजिमको समितिको सक्षमतालाई मान्यता नदिने कुराको घोषणा गर्न सक्ने छ।

२. यस धाराको प्रकरण १ अनुसार आरक्षण राख्ने कुनै पक्षराष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवलाई सूचना दिएर त्यस्तो आरक्षण कुनै समयमा फिर्ता लिन सक्ने छ।

धारा २९

१. यस महासन्धिका कुनै पनि पक्षराष्ट्रले कुनै संशोधन प्रस्ताव गर्न र त्यसलाई संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दर्ता गर्न सक्ने छ। त्यसपछि महासचिवले यस महासन्धिका पक्षराष्ट्रहरूलाई ती प्रस्ताव उपर विचार गर्न र मतदान गर्न पक्षराष्ट्रहरूको सम्मेलनका पक्षमा उनीहरू छन् वा छैनन् भनी उनीहरूलाई सूचना गर्न अनुरोध सहित प्राप्त प्रस्तावित संशोधनको जानकारी दिने छन्। त्यस्तो जानकारी पठाएको मितिले चार महिनाभित्र पक्षराष्ट्रहरूका कम्तिमा एक तिहाई सदस्यहरू यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसंघको आयोजनामा त्यस्तो सम्मेलन बोलाउने छन्। सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको

बहुमतबाट ग्रहण गरिएको कुनै संशोधनलाई महासचिवबाट स्वीकृतिका लागि सबै पक्षराष्ट्रहरूसमक्ष पेश गरिने छ।

२. यस धाराको प्रकरण १ अनुसार ग्रहण गरिएको कुनै संशोधन यस महासन्धिका दुई तिहाई पक्षराष्ट्रहरूले, आफूहरूले आ-आफ्नो संवैधानिक प्रक्रियाहरू अनुसार सो संशोधनलाई, स्वीकार गरेको कुराको सूचना संयुक्त राष्ट्रसंघका महासचिवलाई दिएपछि लागू हुने छ।

३. संशोधनहरू लागू भएपछि त्यस्तो संशोधन स्वीकार गर्ने पक्षराष्ट्रहरू यस महासन्धिका अरू व्यवस्थाहरू तथा तिनले स्वीकार गरेका कुनै अघिल्ला संशोधनहरूबाट बाँधिन लागेका अन्य पक्षराष्ट्रहरू उपर लागू हुने छन्।

धारा ३०

१. यो महासन्धिको व्याख्या वा कार्यान्वयनका सम्बन्धमा दुई वा सो भन्दा बढी पक्षराष्ट्रहरूबीचका कुनै विवाद, जुन वार्ताद्वारा समाधान हुन सक्दैन, ती मध्ये कुनै एक पक्षको अनुरोधमा मध्यस्थतासमक्ष पेश गरिने छ। मध्यस्थताका लागि अनुरोध गरेको मितिले ६ महिनाभित्र पक्षहरू मध्यस्थताको गठनका सम्बन्धमा सहमत हुन नसकेमा ती पक्षहरूमध्ये कुनै एक पक्षले अन्तर्राष्ट्रिय न्यायालयको विधान बमोजिम अनुरोध गरी सो विवादलाई सो न्यायालयसमक्ष पेश गर्न सक्ने छ।

२. प्रत्येक राष्ट्रले यस महासन्धिमा हस्ताक्षर वा यसलाई अनुमोदन गर्दा वा यसमा सम्मिलन हँदाका बखत आफू स्वयं यस धाराको प्रकरण १ बाट नबाँधिने विचार गरेको कुराको घोषणा गर्न सक्ने छ। त्यस्तो आरक्षण राख्ने कुनै पक्षराष्ट्रका सम्बन्धमा यस धाराको प्रकरण १ बाट अन्य पक्षराष्ट्रहरू बन्धित हुने छैनन्।

३. यस धाराको प्रकरण २ अनुसार आरक्षण राख्ने कुनै पक्षराष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवलाई सूचना दिएर यो आरक्षण कुनै पनि समयमा फिर्ता लिन सक्ने छ।

धारा ३१

१. कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्ने छ। महासचिवबाट सूचना प्राप्त गरेको मितिले एक वर्ष पछि परित्याग लागू हुने छ।

२. सो परित्याग लागू हुने मितिभन्दा अघि भएको कुनै कार्य वा त्रुटिका सम्बन्धमा यस महासन्धि अन्तर्गत आफ्ना दायित्वहरूबाट सो पक्षराष्ट्रलाई मुक्ति दिने प्रभाव त्यस्तो परित्यागको हुने छैन। नत सो परित्याग लागू हुने मितिभन्दा अघि समितिको विचाराधीन सकेको कुनै कुरा उपर निरन्तर विचार गर्ने कार्यलाई त्यस्तो परित्यागले कुनै रूपमा प्रतिकूल प्रभाव पार्ने छ।

३. कुनै पक्षराष्ट्रको परित्याग लागू हुने मितिपछि समितिले सो राष्ट्रसँग सम्बन्धित कुनै नयाँ कुरा उपर विचार सुरु गर्ने छैन।

धारा ३२

संयुक्त राष्ट्रसंघका महासचिवले संयुक्त राष्ट्रसंघका सबै राष्ट्रहरू तथा यस महासन्धिमा हस्ताक्षर गरेका वा यसमा सम्मिलन भएका सबै राष्ट्रहरूलाई देहायका कुराहरूको सूचना दिने छन्।

(क) धारा-२५ तथा २६ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरू;

(ख) धारा-२५ अन्तर्गत यो महासन्धि लागू हुने मिति तथा धारा-२९ अन्तर्गत कुनै संशोधनहरू लागू हुने मिति;

(ग) धारा-३१ अन्तर्गतका परित्यागहरू।

धारा ३३

१. यो महासन्धि, जसको अरबी, चिनियाँ, अंग्रेजी, फ्रेन्च, रसियाली तथा स्पेनिस भाषाका प्रतिहरू समानरूपमा प्रमाणिक छन्, संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिला गरिने छ।

स्रोतः नेपाल सरकार, परराष्ट्र मन्त्रालयबाट अक्टोबर १९९८ मा प्रकाशित
"मानवअधिकार : नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको संग्रह"

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धिको
ऐच्छिक आलेख

महासभाको ५७ औं बैठकद्वारा प्रस्ताव नं ५७/१९९ बाट १८ डिसेम्बर २००२ मा ग्रहण गरिएको
२२ जुन २००६ देखि लागू भएको

प्रस्तावना

यस आलेखका पक्ष राष्ट्रहरू,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड निषेधित छन् तथा यस्ता व्यवहारले मानवअधिकारको गम्भीर उल्लंघन गर्छन् भन्ने पुनः निश्चय गर्दै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि (यसपछि महासन्धि भनिएको) ले निर्दिष्ट गरेका उद्देश्यहरू हासिल गर्ने तथा स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहारबाट सुरक्षित राख्न अझै अन्य उपायहरू आवश्यक छन् भन्ने कुरामा विश्वस्त हुँदै,

महासन्धिको धारा २ तथा १६ ले प्रत्येक पक्षराष्ट्रलाई आफ्नो क्षेत्राधिकारमा रहेको भूभागमा यातना तथा अन्य क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहार एवम् सजायको रोकथाम गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्न बाध्य तुल्याएको छ भन्ने स्मरण गर्दै,

ती धाराहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी पक्षराष्ट्रहरूमा नै रहेको साथै स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको सुरक्षा सुदृढ पार्ने एवम् तिनीहरूको मानवअधिकारको पूर्ण आदर गर्नु सबैको साझा दायित्व भएको तथा अन्तर्राष्ट्रिय कार्यान्वयन निकायका कार्यहरू राष्ट्रिय उपायहरूका परिपूरक हुन्छन्, साथै तिनलाई सशक्त बनाउँछन् भन्ने निश्चित गर्दै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डको प्रभावकारी रोकथामको लागि शिक्षा लगायत विधायिकी, प्रशासनिक, न्यायिक तथा अन्य उपायहरूको समग्र जरुरतलाई स्मरण गर्दै,

मानवअधिकार विश्व सम्मेलनले यातना उन्मूलन गर्न सबैभन्दा पहिले यसको रोकथाममा ध्यान केन्द्रित गर्नु पर्छ भनी दृढतापूर्वक घोषणा गरेको तथा हिरासत/कारागारहरूमा नियमित भ्रमण गर्न यातना रोकथाम प्रणाली स्थापनाको उद्देश्य बोकेको महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गर्न आब्हान गरेको सम्झँदै,

थुनुवा/कैदी राखिएका स्थानहरूको नियमित भ्रमण गर्ने निरोधात्मक प्रकृतिको गैरन्यायिक संयन्त्र मार्फत् पनि स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धका सुरक्षा सुदृढ बनाउन सकिन्छ भन्नेमा विश्वस्त हुँदै,

निम्नानुसार सहमत भएका छन् :

भाग १

सामान्य सिद्धान्तहरू

धारा १

यस आलेखको उद्देश्य स्वतन्त्रताबाट वञ्चित गरिएका मानिसहरू राखिएका स्थानहरूमा यातना तथा अन्य क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहार एवम् सजायको रोकथाम गर्न स्वतन्त्र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकायहरूको जिम्मेवारीमा हुने नियमित भ्रमणको प्रणाली स्थापना गर्नु रहेकोछ।

धारा २

१. यातनाविरुद्धको समितिको मातहतमा हुने गरी एक यातना तथा अन्य क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहार एवम् सजाय रोकथाम उपसमिति (यसपछि रोकथाम उपसमिति भनिएको) को स्थापना गरिनेछ र त्यस उपसमितिले यसै आलेखमा तोकिए बमोजिमका कार्यहरू गर्नेछ।

२. रोकथाम उपसमितिले संयुक्त राष्ट्रसंघीय बडापत्रको परिवृत्तभित्र रहेर आफ्ना कार्यहरू गर्नुका साथै त्यहाँ उल्लेखित उद्देश्य एवम् सिद्धान्तहरू लगायत स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई गरिने व्यवहारका संयुक्त राष्ट्रसंघीय मान्यताहरूबाट उपसमिति निर्देशित हुनेछ।

३. गोप्यता, निष्पक्षता, छनौट रहितता, विश्व व्यापकता तथा वस्तुपरकताका सिद्धान्तहरूबाट पनि रोकथाम उपसमिति निर्देशित हुनेछ।

४. यो आलेख कार्यान्वयन गर्न रोकथाम उपसमिति र पक्षराष्ट्रहरूले एक आपसमा सहयोग गर्नेछन्।

धारा ३

प्रत्येक पक्षराष्ट्रले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डको रोकथामको लागि राष्ट्रिय स्तरमा एक वा धेरै भ्रमणकारी निकायहरू (यसपछि राष्ट्रिय रोकथाम संयन्त्र भनिएको) को स्थापना, नियुक्ति वा व्यवस्था गर्नेछन्।

धारा ४

१. प्रत्येक पक्षराष्ट्रले यस आलेखबमोजिम धारा २ तथा ३ मा उल्लेखित संयन्त्रलाई आफ्नो क्षेत्राधिकार वा नियन्त्रणमा रहेर सार्वजनिक अख्तियारी भएका निकाय वा व्यक्तिको आदेश वा उक्साहट वा सहमति वा मौजुदीमा स्वतन्त्रताबाट वञ्चित गरिएका वा त्यसो गरिन सकिने व्यक्तिहरू राखिने कुनै पनि स्थान (यसपछि हिरासत/कारागार भनिएको) को भ्रमण गर्न अनुमति दिनेछन्। यस्ता भ्रमणहरू ती व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्ध गरिने सुरक्षा, आवश्यक परेमा, सुदृढ पार्ने उद्देश्यले गरिनेछ।

२. यस आलेखको प्रयोजनको लागि स्वतन्त्रताबाट विमुख भन्नाले कुनैपनि न्यायिक वा प्रशासनिक वा अन्य निकायको आदेशबाट कसैले आफ्नो इच्छाबमोजिम आफू थुनिएको वा बन्दी बनाइएको वा निजी वा सार्वजनिक प्रकृतिको स्थानमा हिरासतमा राखिएको स्थान छोड्न अनुमति नपाएको अवस्थालाई बुझिन्छ।

भाग २

रोकथाम उपसमिति

धारा ५

१. यो रोकथाम उपसमिति दश सदस्यीय हुनेछ। यस आलेखलाई अनुमोदन गर्ने वा यसमा सम्मिलन गर्ने राष्ट्रहरूको संख्या पचास पुगेपछि भने यस उपसमितिका सदस्यको संख्या पच्चीस हुनेछ।

२. यो रोकथाम उपसमितिका सदस्यहरू उच्च नैतिक चरित्र भएका, न्याय प्रशासन विशेषगरी अपराध कानुन, कारागार वा प्रहरी प्रशासन वा स्वतन्त्रताबाट विमुख पारिएका व्यक्तिहरू प्रतिको व्यवहारसँग सम्बद्ध विविध क्षेत्रसँग काम गरी उच्च व्यवसायिक दक्षता आर्जन गरेका व्यक्तिहरू मध्येबाट चुनिनेछन्।

३. यस रोकथाम उपसमितिको बनावटमा पक्षराष्ट्रहरूको भौगोलिक हिसावले समन्यायिक वितरण तथा विविध सभ्यता एवम् कानुनी प्रणालीको प्रतिनिधित्व उपर उचित ध्यान पुऱ्याइनेछ।

४. यस बनावटमा समानता एवम् अविभेदका सिद्धान्तहरूमा आधारित भई सन्तुलित लैङ्गिक प्रतिनिधित्वलाई समेत ध्यान दिइनेछ।

५. यस उपसमितिमा एउटै पक्षराष्ट्रका दुई सदस्यहरू (एक भन्दा बढी) रहने छैनन्।

६. उपसमितिका सदस्यहरूले व्यक्तिगत क्षमताका आधारमा काम गर्नेछन्, काममा स्वतन्त्र एवम् निष्पक्ष रहनेछन् तथा उपसमितिमा दक्षतापूर्वक काम गर्न उपलब्ध हुनेछन्।

धारा ६

१. प्रत्येक पक्षराष्ट्रले यस धाराको उपधारा (२) बमोजिम धारा ५ मा उल्लेख भए मुताबिकको योग्यता हासिल गरेका र आवश्यकतासँग मेल खाने दुई जनासम्मको नाम प्रस्तावित गर्न सक्नेछन् र त्यसो गर्दा त्यो राष्ट्रले प्रस्तावित व्यक्तिको योग्यताको विस्तृत विवरण उपलब्ध गराउनु पर्नेछ।

२. (क) प्रस्ताव गरिएका व्यक्तिहरू यस आलेखको कुनै एक पक्षराष्ट्रका नागरिक हुनुपर्नेछ।

(ख) नाम प्रस्ताव गरिएका व्यक्तिहरू मध्ये कुनै एकजना पक्षराष्ट्रको नागरिक हुनुपर्नेछ।

(ग) एउटा पक्षराष्ट्रका दुईभन्दा बढी व्यक्तिहरू प्रस्तावित हुने छैनन्।

(घ) कुनै एक पक्षराष्ट्रले अर्को पक्षराष्ट्रको व्यक्तिलाई प्रस्तावित गर्नु पर्दा सम्बन्धित पक्षराष्ट्रको सहमति लिनुपर्नेछ।

३. पक्षराष्ट्रहरूको बैठक हुने मितिभन्दा ५ महिना अगावै, जुन अवधिभित्र निर्वाचन सम्पन्न हुनेछ, संयुक्त राष्ट्रसंघका महासचिवले पक्षराष्ट्रहरूलाई सम्बोधन गरी तीन महिनाभित्र नै आफ्ना उम्मेदवारको मनोनयन दखिला गर्न एक पत्र पठाउनेछन्। यसरी मनोनयन गरिएका व्यक्तिहरूको नामावली संयुक्त राष्ट्रसंघका महासचिवले मनोनयन गर्ने राष्ट्रको नामसहित वर्णानुक्रम अनुसार पेश गर्नेछन्।

धारा ७

१. सो रोकथाम उपसमितिका सदस्यहरू निम्नबमोजिको प्रक्रियाबाट निर्वाचित हुनेछन्।

क) प्रस्तावित व्यक्ति यस आलेखको धारा ५ मा उल्लेख भए अनुसारका आवश्यकता, सीमाभित्र परे-नपरेको विषयलाई प्रमुखताका साथ विचार गरिनेछ।

ख) प्रारम्भिक निर्वाचन यो आलेख कार्यान्वयनमा आएको ६ महिनाभित्र सम्पन्न भइसक्नेछ।

ग) पक्षराष्ट्रहरूले गोप्य मतदानमार्फत् रोकथाम उपसमितिका सदस्यहरूको चयन गर्नेछन्।

घ) सो रोकथाम उपसमितिका सदस्यहरूको निर्वाचन संयुक्त राष्ट्रसंघका महासचिवले अर्धवार्षिक रूपमा आव्हान गरिने पक्षराष्ट्रहरूको वैठकबाट गरिनेछ। त्यस्तो वैठक बस्न दुई तिहाई पक्ष राष्ट्रहरूको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ र वैठकमा उपस्थित भई मतदान गरेका राष्ट्रहरू मध्येबाट

सर्वाधिक एवम् अत्याधिक मत प्राप्त गर्ने व्यक्ति उपसमितिको सदस्यमा निर्वाचित हुनेछन्।

२. निर्वाचन प्रक्रियाको दौरान एउटै पक्षराष्ट्रका दुई नागरिक उपसमितिको सदस्य बन्न योग्य भएको अवस्थामा भने ती दुई व्यक्तिहरूमध्ये बढी मत पाउने व्यक्ति उपसमितिको सदस्य भई काम गर्नेछ। ती दुई व्यक्तिले प्राप्त गरेको मत बराबर भएको अवस्थामा भने निम्नानुसारको प्रक्रिया प्रयुक्त हुनेछ :

क) उक्त पक्षराष्ट्रको तर्फबाट एकजना मात्रको मनोनयन परेको रहेछ भने, त्यसरी मनोनयनमा परेको व्यक्ति रोकथाम उपसमितिको सदस्य भई काम गर्नेछ।

ख) यदि ती दुवै उम्मेदवार एउटै पक्षराष्ट्रका नागरिक रहेछन् भने ती मध्येबाट एक सदस्य निर्वाचित गर्न छुट्टै गोप्य मतदानको प्रक्रिया लागू हुनेछ।

ग) यदि ती दुवै उम्मेदवार आफू नागरिक भएको पक्षराष्ट्रबाट मनोनयनमा परेका रहेछन् भने पनि ती मध्येबाट एक सदस्य निर्वाचित गर्ने छुट्टै गोप्य मतदानको प्रक्रिया लागू हुनेछ।

धारा ८

रोकथाम उपसमितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले पदबाट राजीनामा दिएमा, वा अन्य कुनै कारणले उपसमितिको सदस्यको रूपमा कार्य गर्न असमर्थ भएमा उक्त सदस्यलाई मनोनयन गर्ने पक्षराष्ट्रले यस आलेखको धारा ५ मा उल्लेखित प्रावधान एवम् उपसमितिमा विविध क्षेत्र र विधामा दक्षता आर्जन गरेका व्यक्तिहरूको उचित सन्तुलन समेतलाई विचार गरी अर्को योग्य व्यक्तिको मनोनयन गर्नेछ। त्यसरी मनोनयन गरिएको व्यक्ति पक्षराष्ट्रहरूको अर्को वैठकसम्मका लागि उपसमितिको सदस्य भई काम गर्नेछ र निजको सदस्यता सो वैठकमा बहुमत पक्षराष्ट्रहरूबाट अनुमोदनका लागि प्रस्तुत गरिनेछ। संयुक्त राष्ट्रसंघका महासचिवले प्रस्तावित नियुक्तिको सूचना दिएको ६ हप्ताभित्र पक्षराष्ट्रहरू मध्ये आधा वा सो भन्दा बढीले सो प्रस्तावमा असहमति व्यक्त नगरेमा प्रस्ताव स्वीकृत भएको मानिनेछ।

धारा ९

रोकथाम उपसमितिका सदस्यहरू चार वर्षे अवधिका लागि निर्वाचित हुनेछन्। पुनः

मनोनयनमा परेमा उनीहरू पुनः निर्वाचित हुन योग्य मानिनेछन्। पहिलो निर्वाचनबाट छानिएका सदस्यहरूमध्ये आधा सदस्यको पदावधि २ वर्ष पछि समाप्त हुनेछ। यसरी पदावधि समाप्त हुने सदस्यको नाम पहिलो निर्वाचन सम्पन्न भए लगत्तै धारा ७(१)(घ) बमोजिमका बैठकका अध्यक्षले गोलाप्रथाद्वारा तय गर्नेछन्।

धारा १०

१) रोकथाम उपसमितिले दुई वर्षे कार्यकाल हुने गरी आफ्ना अधिकृतहरूको चयन गर्नेछ। उनीहरू पुनः नियुक्त हुन सक्नेछन्।

२) उपसमितिले कार्यसम्पादन कार्यविधिका नियमहरू आफै बनाउनेछ। अन्य कुराहरूका अतिरिक्त ती नियमहरू देहायबमोजिम उल्लेख हुनेछ :

क) आधा सदस्य संख्यामा एक थपिएपछि गणपूरक संख्या पुग्नेछ,

ख) उपसमितिका निर्णयहरू वैठकमा उपस्थित सदस्य संख्याको बहुमतबाट लिइनेछन्,

ग) उपसमितिको वैठक गोप्य रूपमा बस्नेछ।

३. यस रोकथाम उपसमितिको प्रारम्भिक बैठक संयुक्त राष्ट्रसंघका महासचिवले आव्हान गर्नेछन्। यसपछि भने उपसमिति आफैंले तय गरेको कार्यविधिगत नियमहरू बमोजिम वैठक बस्नेछ। यो उपसमिति तथा यातनाविरुद्धको समितिले सँगसँगै जसो वर्षको कम्तीमा एक पटक बैठक सत्र सम्पन्न गर्नेछन्।

भाग तीन

रोकथाम उपसमितिको कार्यदिशा

धारा ११

यस उपसमितिले :

क) धारा ४ मा उल्लेख भए अनुसारका स्थानहरूको भ्रमण गरी स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार

वा दण्डबाट जोगाउन सम्बन्धित पक्षराष्ट्रलाई सुझाव दिनेछ,

ख) राष्ट्रिय रोकथाम संयन्त्रहरूको सम्बन्धमा :

अ) यी संयन्त्रहरूको स्थापनार्थ पक्षराष्ट्रहरूलाई सल्लाह प्रदान गर्ने एवम् सहयोग गर्नेछ,

आ) क्षमता अभिवृद्धि एवम् सुदृढीकरण गर्न राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई प्रत्यक्ष एवम् आवश्यक परेमा गोप्य तवरलेसमेत सम्पर्क गर्ने तथा तालिम एवम् अन्य प्राविधिक सहयोग प्रदान गर्नेछ,

इ) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डबाट सुरक्षा दिने उद्देश्यले ती संयन्त्रहरूलाई सुदृढ पार्ने आवश्यकता तथा श्रोत साधनको मूल्यांकनमा सल्लाह तथा सहयोग प्रदान गर्नेछ,

ई) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डबाट जोगाउन राष्ट्रिय रोकथाम संयन्त्रहरूको क्षमता र कार्याधिकारलाई सशक्त बनाउन पक्षराष्ट्रहरू समक्ष सिफारिस प्रस्तुत गर्नेछ,

ग) सामान्यत: यातनाको रोकथामको लागि सम्पूर्ण व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डबाट जोगाउन कार्यरत संयुक्त राष्ट्रसंघसम्बद्ध निकाय तथा संयन्त्रहरूका साथै अन्य अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय संघ-संस्थाहरूलाई सहयोग गर्नेछ।

धारा १२

रोकथाम उपसमितिलाई धारा ११ मुताविक दिइएको कार्याधिकार सम्पन्न गर्न सबल तुल्याउनका लागि पक्षराष्ट्रहरूले निम्नानुसार गर्नेछन् :

क) रोकथाम उपसमितिलाई आफ्नो भू-भागमा सत्कार गर्ने र उसलाई यस आलेखको धारा ४ मा उल्लेख गरिए बमोजिमका हिरासत/कारागारसम्मको पहुँचलाई प्रत्याभूत गर्ने,

ख) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्ध दिइने सुरक्षालाई सुदृढ तुल्याउन आवश्यक एवम् अबलम्वन गर्नु पर्ने उपायको मूल्यांकन गर्न रोकथाम उपसमितिले माग्न सक्ने सूचना उपलब्ध गराउने,

ग) रोकथाम उपसमिति र राष्ट्रिय रोकथाम संयन्त्रहरूबीच सम्बन्ध स्थापित गर्न उत्साहित गर्न एवम् त्यसलाई सहजीकरण गर्ने,

घ) रोकथाम उपसमितिले दिएका सिफारिस, सल्लाहको अध्ययन गरी यसको कार्यान्वयनका सम्भावित उपायका बारेमा उपसमितिसँग संवाद, परामर्श गर्ने।

धारा १३

१) रोकथाम उपसमितिले धारा ११ मा स्थापित आफ्नो कार्यादेश सम्पन्न गर्न सुरुमा गोलाप्रथाद्वारा पक्षराष्ट्रहरूको भ्रमणको कार्यक्रम निर्धारण गर्नेछ।

२) परामर्शपछि उपसमितिले पक्षराष्ट्रहरूलाई आफ्नो भ्रमण कार्यक्रमबारे सूचीत गर्नेछ ताकि उपसमितिको भ्रमणको लागि आवश्यक व्यवहारिक व्यवस्थापन यथाशीघ्र हुन सकोस्।

३) त्यस्तो भ्रमण उपसमितिका कम्तीमा पनि दुई सदस्यले गर्नेछन्। आवश्यक परेको बखत भने उपसमितिका भ्रमणकारी सदस्यहरूलाई यस आलेखले समेटेको क्षेत्र एवम् विषयमा अनुभव तथा गहिरो दक्खल राख्ने विशेषज्ञहरूले साथ दिनेछन् जो पक्षराष्ट्रहरू, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त तथा संयुक्त राष्ट्रसंघीय अपराध रोकथाम केन्द्रबाट प्रस्तावित गरे बमोजिम तयार पारिएको व्यक्तिहरूको सूचीबाट छानिनेछन्। त्यस्तो सूची तयार गर्दा सम्बन्धित पक्षराष्ट्रहरूले बढीमा पाँच जना विशेषज्ञको नाम मात्र सिफारिस गर्न सक्नेछन्। भ्रमण गरिने पक्ष राष्ट्रहरूले भ्रमण दलमा कुनै विशेष विशेषज्ञ, व्यक्तिको समावेश उपर विरोध जनाउन सक्नेछ र त्यसो भएमा उपसमितिले अर्को विशेषज्ञलाई भ्रमण दलमा समावेश गर्नेछ।

४) उपसमितिले उपयुक्त ठानेको खण्डमा उसले आफ्नो प्रत्येक नियमित भ्रमणपछि छोटो समायावधिको फलोअप भ्रमणको प्रस्ताव गर्न सक्नेछ।

धारा १४

१. यस आलेखका पक्षराष्ट्रहरू उपसमितिलाई प्राप्त कार्यादेश सम्पन्न गर्न सबल बनउने उद्देश्यले निम्नानुसार प्रत्याभूति दिनेछन् :

क) धारा ४ ले परिभाषित गरे मुताविक हिरासत/कारागारमा स्वतन्त्रताबाट वञ्चित गरी राखिएका व्यक्तिको संख्या साथै त्यस्ता ठाउँहरूको संख्या तथा अवस्थितिसँग सम्बन्धित सम्पूर्ण सूचनासम्म बेरोकटोक पहुँच,

ख) ती व्यक्तिहरूप्रति गरिने व्यवहार एवम् उनीहरूको बन्दी अवस्थासँग सरोकार रहेको सम्पूर्ण सूचनासम्म बेरोकटोक पहुँच,

ग) देहायको उपधारा (२) सँग सम्बन्धित हुनेगरी बन्दी राखिने स्थानहरू तथा सोसँग सम्बन्धित संरचना एवम् सुविधाहरूसम्मको बेरोकटोक पहुँच,

घ) स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू तथा उपसमितिले आफूले खोजेको सूचना दिन सक्छ भनी विश्वास गरिएका व्यक्तिसँग दोभाषेको आवश्यकता परे बाहेक अन्य व्यक्तिको गैर मौजुदीमा गोप्य अन्तर्वार्ता लिने अवसर,

ङ) उपसमितिले आफूले भ्रमण गर्न तथा अन्तरवार्ता लिन चाहेको स्थान तथा व्यक्ति छनौटको स्वतन्त्रता।

२) राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा, प्राकृतिक आपतविपद वा भ्रमण गर्ने भनिएको स्थानमा व्याप्त गम्भीर अव्यवस्थाको कारण अस्थायी रूपमा भ्रमण स्थगित गर्नु पर्ने तत्कालीन तथा बाध्यकारी अवस्थामा भने कुनै विशेष हिरासत/कारागारको भ्रमणमा असहमति जनाउन सकिनेछ। संकटकालको घोषणा गरी त्यस्तो अवस्था कायम रहेको अवस्थालाई भने सम्बन्धित पक्षराष्ट्रले प्रस्तावित भ्रमणमा असहमतिको आधार मान्न पाउनेछैन।

धारा १५

कुनै पनि निकाय वा पदाधिकारीले कुनै व्यक्ति विशेष वा संघ-संस्थाले उपसमितिसँग सञ्चार सम्पर्क गरेको वा उसका प्रतिनिधिलाई सत्य वा असत्य कुनै सूचना उपलब्ध गराएको आधारमा मात्र कारवाही गर्न कुनै आदेश दिनेछैनन्, त्यसको कार्यान्वयन गर्ने

छैनन्, त्यसो गर्न अनुमति दिने छैनन् एवम् त्यसो गरेमा सहन गर्ने छैनन् साथै ती व्यक्ति वा संघ-संस्थाप्रति कुनै पूर्वाग्रह राख्ने छैनन्।

धारा १६

१. रोकथाम उपसमितिले आफ्ना सुझाव एवम् अवलोकनहरू सम्बन्धित पक्षराष्ट्र समक्ष गोप्य रूपमा प्रस्तुत गर्नेछ, र सान्दर्भिकता हेरी राष्ट्रिय रोकथाम उपसमितिलाई समेत यो उपलब्ध गराइनेछ।

२. उपसमितिले सम्बन्धित पक्षराष्ट्रले अनुरोध गरेबमोजिम त्यस पक्षराष्ट्रको कुनै टिप्पणी भए सो सहित आफ्नो कामको प्रतिवेदन सार्वजनिक गर्नेछ। यदि सरोकारवाला पक्षराष्ट्रले सो प्रतिवेदनको आंशिक प्रकाशन गरेमा उपसमितिले सो दस्तावेजको बाँकी, आंशिक वा पूर्ण पाठ सार्वजनिक गर्नेछ। यद्यपि, सम्बन्धित व्यक्तिको प्रष्ट सहमति वेगर कुनै पनि प्रकारका व्यक्तिगत विवरण भने सार्वजनिक गरिनेछैन।

३. रोकथाम उपसमितिले आफ्ना क्रियाकलापको सार्वजनिक वार्षिक प्रतिवेदन यातनाविरुद्धको समिति समक्ष प्रस्तुत गर्नेछ।

४. यदि कुनै पक्षराष्ट्रले धारा १२ तथा १४ अनुसार रोकथाम उपसमितिलाई सहयोग गर्न अस्वीकार गरेमा वा उपसमितिले प्रस्तुत गरेका सुझावहरूको आधारमा मौजुदा अवस्थामा सुधारका लागि आवश्यक पहल नगरेमा उपसमितिको अनुरोधमा आफ्ना सदस्यहरूको बहुमत निर्णयले सरोकारवाला पक्षराष्ट्रलाई आफ्नो दृष्टिकोण राख्ने अवसर दिई यातनाविरुद्धको समितिले सम्बन्धित विषयवस्तु उपर सार्वजनिक मन्तव्य दिन वा उपसमितिको सम्बन्धित प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ।

भाग चार

राष्ट्रिय रोकथाम संयन्त्रहरू

धारा १७

प्रत्येक पक्षराष्ट्रले यो आलेख कार्यान्वयनमा आएपछि वा अनुमोदन वा सम्मिलन गरेपछि

राष्ट्रियस्तरमा यातनाको रोकथाम गर्न ढिलोमा पनि एक वर्ष भित्र एक वा धेरै स्वतन्त्र राष्ट्रिय रोकथाम संयन्त्रहरूको व्यवस्था, नियुक्ति वा स्थापना गर्नेछन्। विकेन्द्रित इकाइहरूले यस आलेखका प्रावधानहरूसँग तादम्यता रहने किसिमले स्थापना गरेका संयन्त्रहरूलाई समेत यस दस्तावेजको प्रयोजनको लागि राष्ट्रिय रोकथाम संयन्त्रहरू मानिने छ।

धारा १८

१. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूको कार्यगत स्वतन्त्रता तथा यिनका पदाधिकारीहरूको स्वतन्त्रताको प्रत्याभूति प्रदान गर्नेछन्।

२. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूमा रही काम गर्ने विशेषज्ञहरूमा आवश्यक क्षमता तथा व्यवसायिक ज्ञान भएको सुनिश्चित गर्न आवश्यक उपायहरूको अवलम्वन गर्नेछन्। उनीहरूले लैङ्गिक सन्तुलन साथै मुलुकमा रहेका जातीय एवम् अल्पसंख्यक समूहहरूको पर्याप्त प्रतिनिधित्वको लागि प्रयास गर्नेछन्।

३. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूको कार्यका लागि आवश्यक श्रोत साधन उपलब्ध गराउनेछन्।

४. राष्ट्रिय रोकथाम संयन्त्रहरूको स्थापना गर्दा पक्षराष्ट्रहरूले मानवअधिकारको प्रवर्द्धन तथा सुरक्षा गर्ने हैसियत राख्ने राष्ट्रिय मानवअधिकार संस्था सम्बद्ध सिद्धान्तहरू उपर पनि उचित ध्यान दिनेछन्।

धारा १९

राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई न्यूनतम पनि देहायका अधिकार प्रदान गरिनेछ :

क) धारा ४ ले परिभाषित गरे अनुसार स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू राखिने स्थानहरूमा उनीहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको सुरक्षालाई आवश्यकताअनुसार सुदृढ तुल्याउने उद्देश्यले ती स्थानहरूको नियमित परीक्षण/अध्ययन भ्रमण गर्ने,

ख) संयुक्त राष्ट्रसंघका सान्दर्भिक मान्यताहरूलाई समेत ध्यान दिदै स्वतन्त्रताबाट

वञ्चित गरिएका व्यक्तिहरू प्रति गरिने व्यवहार एवम् यिनीहरूको अवस्थामा सुधार ल्याउने र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डको रोकथाम गर्ने उद्देश्यले सम्बन्धित निकाय समक्ष सुझावहरू प्रस्तुत गर्ने,

ग) अस्तित्वमा रहेका तथा प्रस्तावित विधानको बारेमा प्रस्ताव तथा अवलोकन प्रस्तुत गर्ने।

धारा २०

राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई तोकिएको कार्यादेश निर्वाह गर्न सबल बनाउने उद्देश्यले पक्षराष्ट्रहरूले देहायबमोजिम गर्नेछन् :

क) हिरासत/कारागारमा स्वतन्तत्राबाट वञ्चित गरी राखिएका व्यक्तिहरूको संख्या साथै त्यस्ता ठाउँहरूको संख्या तथा अवस्थितिसँग सम्बन्धित सम्पूर्ण सूचनासम्म पहुँच प्रदान गर्ने,

ख) ती व्यक्तिहरूप्रति गरिने व्यवहार एवम् उनीहरूको बन्दी अवस्थासँग सम्बन्धित सम्पूर्ण सूचनामा पहुँच दिने,

ग) बन्दी/थुनुवा राखिने सम्पूर्ण स्थानहरू तथा सोसँग सम्बन्धित संरचना एवम् सुविधासम्मको पहुँच प्रदान गर्ने,

घ) स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू तथा राष्ट्रिय रोकथाम संयन्त्रले आफूले खोजेको सूचना दिनसक्छ भनी विश्वास गरिएका व्यक्तिहरूसँग दोभाषेको आवश्यकता परेमा बाहेक अन्य व्यक्तिको गैर मौजुदीमा गोप्य अन्तरवार्ता लिने अवसर प्रदान गर्ने,

ङ) आफूले भ्रमण गर्न तथा अन्तरवार्ता लिन चाहेको स्थान तथा व्यक्ति छनोटको स्वतन्त्रता दिने,

च) रोकथाम उपसमितिसँग सम्पर्क राख्ने, यसलाई सूचना पठाउने र उपसमितिसँग भेटघाट गर्ने अधिकार प्रदान गर्ने।

धारा २१

१. कुनै पनि निकाय वा पदाधिकारीले कुनै व्यक्ति विशेष वा संघसंस्थाले राष्ट्रिय रोकथाम संयन्त्रसँग सम्पर्क गरेको वा उसका प्रतिनिधिलाई सत्य वा असत्य कुनै सूचना उपलब्ध गराएको आधारमा मात्र कारवाही गर्न कुनै आदेश दिने छैनन्, त्यसो गर्न अनुमति दिनेछैनन् तथा त्यसो गरेमा सहन गर्नेछैनन् साथै यी व्यक्ति वा संस्थाप्रति कुनै पुर्वाग्रह राख्नेछैनन्।

२. राष्ट्रिय रोकथाम संयन्त्रबाट संकलित गोप्य सूचनालाई विशेषाधिकार प्राप्त हुनेछ। सम्बन्धित व्यक्तिको प्रष्ट सहमति वेगर कसैको पनि व्यक्तिगत विवरण सार्वजनिक गरिने छैन।

धारा २२

सम्बन्धित पक्षराष्ट्रका सक्षम निकायहरूले राष्ट्रिय रोकथाम संयन्त्रबाट प्राप्त सुझावहरूको अध्ययन गर्नेछन् र तिनको कार्यान्वयनका लागि अवलम्बन गर्न सकिने सम्भावित उपायहरू बारेमा संयन्त्रसँग परामर्श गर्नेछन्।

धारा २३

यस आलेखका पक्षराष्ट्रहरू राष्ट्रिय रोकथाम संयन्त्रको वार्षिक प्रतिवेदन प्रकाशित र वितरण गर्ने जिम्मा लिन्छन्।

भाग पाँच

घोषणा

धारा २४

१. अनुमोदनपश्चात् पक्षराष्ट्रहरूले एक घोषणा गरी यस आलेखको भाग ३ वा ४ का दायित्वहरू ढिलो गरी कार्यान्वयनमा ल्याउने जानकारी दिन सक्नेछन्।

२. यस्तो ढिलाइ अधिकतम तीन वर्षसम्मको लागि मान्य हुनेछ। सरोकारवाला पक्षराष्ट्रले प्रतिनिधित्व जनाई सकेपश्चात् तथा रोकथाम उपसमितिसँग परामर्शपश्चात् यातनाविरुद्धको समितिले यो अवधिलाई अरु दुई वर्षसम्म लम्ब्याउन सक्नेछ।

भाग ६

आर्थिक व्यवस्था

धारा २५

१. यो आलेख कार्यान्वयन गर्न रोकथाम उपसमितिले गर्ने व्ययको भार संयुक्त राष्ट्रसंघले बहन गर्नेछ।

२. यस आलेख अन्तर्गतको रोकथाम उपसमितिलाई आफ्नो काम कारवाही प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक मानवस्रोत तथा सुविधाहरू संयुक्त राष्ट्रसंघका महासचिवले उपलब्ध गराउनेछन्।

धारा २६

१. संयुक्त राष्ट्रसंघीय महासभाका सान्दर्भिक कार्यविधिअनुसार संयुक्त राष्ट्रसंघकै आर्थिक प्रशासन नियमावली तथा अन्य निकायबाट शासित हुने गरी रोकथाम उपसमितिका सिफारिसहरू कार्यान्वयन गर्न तथा राष्ट्रिय रोकथाम संयन्त्रलाई शैक्षिक कार्यक्रम आयोजना गर्न सहायता पुऱ्याउने उद्देश्यले एक यातना रोकथाम कोषको स्थापना हुनेछ।

२. सो रोकथाम कोष सरकार, अन्तर-सरकारी एवम् गैरसरकारी संघ-संस्थाहरू र अन्य व्यक्तिगत तथा सार्वजनिक निकायहरूले पुऱ्याउने स्वेच्छिक योगदानबाट सञ्चालित हुनेछ।

भाग सात

अन्तिम प्रावधानहरू

धारा २७

१. महासन्धि अनुमोदन गरेको कुनैपनि राष्ट्रलाई यो आलेखमा हस्ताक्षर गर्न खुल्ला गरिएको छ।

२. महासन्धि अनुमोदन गरिसकेको वा यसमा सम्मिलन जनाइसकेको राष्ट्रले यो आलेख अनुमोदन गर्न सक्नेछ। अनुमोदन गरेको कागजातहरू संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गर्नुपर्नेछ।

३. महासन्धि अनुमोदन गरिसकेका वा यसमा सम्मिलन जनाइसकेका राष्ट्रहरूले यस आलेखमा सम्मिलन जनाउन सक्नेछन्।

४. सम्मिलन जनाएको कागजात संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरेपछि सो लागू भएको मानिनेछ।

५. संयुक्त राष्ट्रसंघका महासचिवले आफू समक्ष दाखिला भएका अनुमोदन वा सम्मिलनका कागजातको बारेमा यो आलेखमा हस्ताक्षर गर्ने वा स्वीकृति जनाउने सबै राष्ट्रलाई सूचित गर्नेछन्।

धारा २८

१. बीसवटा राष्ट्रले अनुमोदन वा सम्मिलन गरेको कागजात संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरेको तीसौं दिनबाट यो आलेख कार्यान्वयनमा आउनेछ।

२. संयुक्त राष्ट्रसंघका महासचिव समक्ष यो आलेख अनुमोदन वा सम्मिलन गर्ने बीसौं राष्ट्रले सोको कागजात पेश गरेपश्चात् यो आलेखको अनुमोदन सम्मिलन गर्ने राष्ट्रको हकमा अनुमोदन वा सम्मिलन गरेको तीसौं दिनबाट यो आलेख लागू हुनेछ।

धारा २९

यस आलेखका प्रवधानहरू संघीय राज्यका सबै भू-भागमा बेरोकटोक एवं एकनासले लागू हुनेछन्।

धारा ३०

यो आलेख (अनुमोदन गर्न) कुनै शर्त राखिने छैन।

धारा ३१

यस आलेखका कुनै पनि प्रावधानले पक्ष राष्ट्रलाई कुनै पनि क्षेत्रीय महासन्धिबाट नि:सृत

भई थुनुवा/बन्दी राखिने स्थानहरूको भ्रमण गर्ने प्रणाली स्थापना गर्नुपर्ने दायित्वलाई असर पार्ने छैन। रोकथाम उपसमिति र क्षेत्रीय व्यवस्था अनुरुप स्थापना भएका त्यस्ता निकायहरू आफ्ना काममा हुन सक्ने नक्कल हटाउन तथा यस आलेखका उद्देश्यहरूको प्रबर्द्धन गर्न एकआपसमा परामर्श एवं सहयोग गर्न उत्साहित हुनेछन्।

धारा ३२

१२ अगष्ट १९४९ का जेनेभा महासन्धिहरू तथा तिनका ८ जुन १९७७ का अतिरिक्त आलेखहरूको पक्षराष्ट्र बनेको आधारबाट सृजित दायित्व बहन गर्न यस आलेखका कुनै पनि प्रावधानले पक्षराष्ट्रहरूलाई असर पुऱ्याउने छैनन्, न त अन्तर्राष्ट्रिय कानुनले नसमेटेको अवस्थामा समेत रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई थुनुवा/बन्दी राखिएको स्थानहरूको भ्रमण अख्तियारी दिन बाधा पुऱ्याएको नै मानिनेछ।

धारा ३३

१. यस आलेखको सदस्यता त्याग्न चाहने कुनैपनि पक्षराष्ट्रले कुनै पनि बखत संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित जानकारी दिई आफ्नो सदस्यता त्याग्न सक्नेछन्। राष्ट्रसंघीय महासचिवले यसको जानकारी महासन्धि तथा यस आलेखका पक्षराष्ट्रहरूलाई दिनेछन्। महासचिवले यसरी सूचना पाएको मितिले एक वर्षपछि सदस्यता त्यागेको मानिनेछ।

२. सदस्यता परित्याग गर्ने राष्ट्रले सदस्यता लागू हुने मिति अगावै आफू यस आलेखको पक्षराष्ट्र भएबाट उत्पन्न हुने दायित्वबमोजिम गर्नु पर्ने काम वा विद्यमान अवस्थाबाट वा रोकथाम उपसमितिले सो पक्षराष्ट्रमाथि कुनै कारवाही गर्ने निर्णय हुन सक्ने अवस्थाबाट उन्मुक्ति पाउने छैन, न त रोकथाम उपसमितिले विचार गरिरहेको कुनै विषयमा सदस्यता परित्यागले यो लागू हुनुपूर्व कुनै पूर्वाग्रही असर पुऱ्याउनेछ।

३. सदस्यता परित्याग लागू भएपछि रोकथाम उपसमितिले परित्याग गर्ने राष्ट्रसँग सम्बन्धित कुनै पनि नयाँ विषयमा विचार गर्ने छैन।

धारा ३४

१. कुनै पनि पक्षराष्ट्रले यस आलेख उपर संशोधन प्रस्ताव गर्न सक्नेछन् र त्यस्तो प्रस्ताव संयुक्त राष्ट्रसंघका महासचिव समक्ष पेश गरिनेछ। महासचिवले प्रस्तावित संशोधन सहित यस्ता प्रस्तावमा पक्षराष्ट्रहरूको सम्मेलन चाहन्छन् वा चाहदैनन् सोको जानकारी उपलब्ध गराउन अनुरोध गर्दै यस आलेखका पक्षराष्ट्रसँग पत्राचार गर्नेछन्। यसरी पत्राचार गरिएको चार महिनाभित्र कम्तीमा पनि एक तिहाई पक्षराष्ट्रहरूले सम्मेलन गरिनु पर्ने जनाउ दिएमा महासचिवले संयुक्त राष्ट्रसंघको प्रचलित नियमको अधीनमा रही सम्मेलनको आव्हान गर्नेछन्। सम्मेलनमा उपस्थिति भई मतदान गरेका पक्षराष्ट्रहरूमा दुई तिहाईको बहुमतले कुनै संशोधन प्रस्ताव अनुमोदन गरेमा संयुक्त राष्ट्रसंघका महासचिवले अनुमोदित प्रस्ताव स्वीकृतिका लागि सबै पक्षराष्ट्र समक्ष पठाउनेछन्।

२. यस धाराको उपधारा (१) बमोजिम अनुमोदन गरिएको संशोधन यस आलेखका दुई-तिहाई पक्षराष्ट्रहरूले आ-आफ्नो संवैधानिक प्रक्रिया मुताविक स्वीकृत गरेपछि कार्यान्वयनमा आउनेछ।

३. संशोधन कार्यान्वयनमा आएपछि सो संशोधन स्वीकार गर्ने पक्षराष्ट्रहरूले संशोधित आलेखबाट तथा अन्य पक्षराष्ट्रहरू यसै आलेखका प्रावधानहरू तथा आफूले स्वीकार गरेका कुनै अघिल्ला संशोधनबाट बाँधिनेछन्।

धारा ३५

रोकथाम उपसमिति तथा राष्ट्रिय रोकथाम संयन्त्रका सदस्यहरूलाई उनीहरूले गर्ने कामको स्वतन्त्र अभ्यास गर्न आवश्यक विशेषाधिकार तथा उन्मुक्ति प्रदान गरिनेछ। रोकथाम उपसमितिका सदस्यहरूलाई १३ फेब्रुअरी १९४६ को संयुक्त राष्ट्रसंघीय विशेषाधिकार तथा उन्मुक्ति महासन्धिको धारा २३ मा उल्लेखित प्रावधानसँग सम्बन्धित हुने गरी सोही महासन्धिको धारा २२ ले परिभाषित गरेका विशेषाधिकार तथा उन्मुक्ति प्राप्त हुनेछन्।

धारा ३६

कुनै पक्षराष्ट्रको भ्रमण गर्दा उपसमितिका सदस्यहरूले यस आलेखका प्रावधान तथा उद्देश्यहरू साथै आफूलाई प्राप्त विशेषाधिकार तथा उन्मुक्तिसमेत प्रति पूर्वाग्रही नभई :

क) भ्रमण गरिएको राष्ट्रको नियम-कानुनलाई आदर गर्नेछन्;

ख) आफ्ना निष्पक्ष एवं अन्तर्राष्ट्रिय प्रकृतिका कर्तव्यसँग मेल नखाने कुनै पनि काम वा क्रियाकलापबाट टाढा रहनेछन्।

धारा ३७

१. अरबी, चिनियाँ, अंग्रेजी, फ्रेन्च, रसियन तथा स्पेनिस भाषामा तयार पारिएका यस आलेखका पूर्ण पाठ समान रुपले मान्य हुनेछन् र यी संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिल रहनेछन्।

नोटः मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटीएमसीसी), यातनाविरुद्धको महासन्धि सम्बन्धी उपसमितिद्वारा गरिएको अनौपचारिक अनुवाद

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
Informal Sector Service
Centre (INSEC)
पो.ब.नं. २७२६, काठमाडौं, नेपाल
फोन: ९७७-१-४२७८७७०
फ्याक्स: ९७७-१-४२७०५५१
insec@insec.org.np
www.inseconline.org

Association for the
Prevention of Torture (APT)
Route de Ferney 10
P.O.Box 2267
CH-1211 Geneva 2
Switzerland
apt@apt.ch
www.apt.ch